# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ५६ | काठमाडौं | सोमबार, ०३ असार २०८१ | Prabhab National Daily | Monday, June 17, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# कसले सुन्ला चुरेका कुरा ?



**प्रधानमन्त्री पुष्पकमल दाहाल १०औं चुरे संरक्षण दिवसका अवसरमा आइतबार सिरहाको मिर्चैया–७ मा राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति, नेपाली सेना र वन तथा वातावरण सुरक्षा निर्देशनालयद्वारा आयोजित कार्यक्रममा वृक्षरोपण गर्दै ।**
*तस्बिर: प्रदीपराज वन्त/रासस*

■ **प्रगति ढकाल**

- 'चुरे बचाऊ : पानी दिलाऊ' भन्दै चुरेबासी काठमाडौंमा निरन्तर धर्नामा
- प्रधानमन्त्रीसहितको सरकारी टोली भने सिरहा पुगेर मनायो चुरे दिवस
- चुरेबासीको आन्दोलन सरकारका आँखाले देख्नै नसकेको गुनासो

**काठमाडौं–** मुलुकको कार्यपालिका सञ्चालन हुने मुख्य प्रशासनिक केन्द्र सिहंदरबारबाट नजिकैको दूरीमा छ, माइतीघर मण्डल । त्यही मण्डलमा मधेसका चुरेबासीहरू धर्नामा बसेको पनि आइतबार २५ दिन पुगिसक्यो । चुरेका कुरा काठमाडौंमा सरकार र जनप्रतिनिधिहरूले नसुनेपछि निरासा छाएको छ उनीहरूमा । अब कसले सुन्छ ? भन्ने पनि उनीहरूको गुनासो छ । चुरेबासीको 'चुरे बचाऊ : पानी दिलाऊ' सरकार भन्दै थालिएको आन्दोलन सरकारका आँखाले देख्नै नसकेको गुनासोसहित नारा जुलुसमा छन् उनीहरू ।

यता आइतबार नै प्रधानमन्त्री पुष्पकमल दाहालसहितको नेतृत्वको टोली सिरहा पुगेर १०औं चुरे दिवस मनाएर फर्कियो । मधेस प्रदेशका आठै जिल्लाका चुरे बासिन्दा भने राजधानीमै चुरे बचाउको गुहार माग्दै छन् । रित्तो भाँडा अगाडि राखेर चुरेवासीहरू भन्दै छन्, 'पानी खै ? हामीलाई पानी देऊ सरकार ।'

चर्को घामको कुनै प्रवाह नगरी माइतीघरसम्म धर्नामा आउन उनीहरूलाई २५ दिन लाग्यो । चुरेबासी 'चुरे बचाऊ : पानी दिलाऊ सरकार' भन्दै चुरेका कुरा राजधानीमा रहेको सरकारलाई सुनाउन घरबाट निस्केको भने ५० दिन पुगिसक्यो । अझै माग सुनुवाइ नभएको उनीहरूको भनाइ छ । चुरे दिवसले उनीहरूमा उत्साह पनि देखिएन । '५० दिन भइसक्यो, चुरे बचाऊ : पानी देऊ सरकार भन्दै हामी आन्दोलनमा छौं,' चुरे तथा वनजंगल संरक्षण अभियान नेपालका संयोजक सुनिल यादव भन्छन्, 'हामी त सरकारलाई झक्झक्याउन सरकारको गेट नजिकै आएका थियौं, तर सरकारले हाम्रो आन्दोलन नदेखेझैं गरेको छ ।'

चुरेको अत्यधिक दोहनका कारण खानेपानीको मुल सुक्ने, सतहमुनिको पानी सुक्ने, पहिरो तथा भू-क्षयको त्रास बढिरहेको यादव सुनाउँछन् । 'चुरेका कुरा कोहीले नसुनेर हामी नै चुरेका कुरा सुनाउन राजधानी आएका थियौं,' उनी भन्छन् 'हाम्रा कुरा सुन्न आजसम्म न सरकारको प्रतिनिधि आए न त राजनीतिक दलका प्रतिनिधि नै । हाम्रो त भोटमात्रै काम लाग्ने रहेछ ।' यादवले आफ्नो माग पूरा नभएसम्म आन्दोलनरत रहने बताए । 'जबसम्म चुरेका अवैध उत्खनन् रोकिँदैन तबसम्म चुरे दिवसको मनाएर के गर्ने ? हामीमा उत्साह नै छैन,' उनी भन्छन् ।

उनलाई मात्रै होइन, चुरे दिवसको उत्साह छैन, माइतीघर मण्डलमै आन्दोलनरत सुनिता यादवलाई पनि । 'यो चुरे दिवस पोहोरपरार पनि मनाएकै हो क्यारे, तर के उपलब्धि भयो खै ?,' उनी भन्छिन्, 'चुरे विनासले चापाकल, पोखरी सुक्दा पानीका लागि टाढा गएर घण्टौं लाइन बस्नुपर्ने बाध्यताले आजित भएर नै हामी घाम र (**क्रमशः पृष्ठ २ मा**)

सहकारी ठगी प्रकरण

# बचतकर्ताको तीन अर्ब अपचलन

## ललितपुरको कृषि विकास बहुउद्देश्यीय सहकारीका अध्यक्षसहित चार जना पक्राउ

- अध्यक्ष तेजविक्रम थापा, उनकी श्रीमती सजना राजकर्णिकार, सहकारीका सदस्यद्वय भीमसेन महर्जन र सञ्जय सापकोटा प्रहरी नियन्त्रणमा
- ५६६ जना बचतकर्ताको करिब तीन अर्ब रूपैयाँ हिनामिना गरी फरार रहेको अवस्थामा पक्राउ
- सहकारी ठगीको कसुरमा कारबाही गर्न जिल्ला प्रहरी परिसर ललितपुर पठाइयो



■ **जेबी योञ्जन**

**काठमाडौं–** बचतकर्ताको अर्बौं रकम अपचलन गरेको अभियोगमा कृषि विकास बहुउद्देश्यीय सहकारी संस्थाका चार जना सञ्चालकलाई प्रहरीले पक्राउ गरेको छ । ललितपुरको कुमारीपाटीमा कार्यालय रहेको उक्त संस्थाले ५६६ जना बचतकर्ताको करिब तीन अर्ब रूपैयाँ अपचलन गरेको अभियोगमा उनीहरूलाई पक्राउ गरिएको प्रहरीले बताएको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार लामो समयदेखि फरार रहेका सहकारीका अध्यक्ष तेजविक्रम थापा, उनकी श्रीमती सजना राजकर्णिकार, सहकारीका सदस्यद्वय भीमसेन महर्जन र सञ्जय सापकोटा पक्राउ परेका हुन् । अध्यक्ष थापासहितले बचत रकम अपचलन गरेको भन्दै विभिन्न समयमा बचतकर्ताले उजुरी दिएका थिए । उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले खोजतलास गर्दा काठमाडौंको विभिन्न स्थानबाट पक्राउ गरेर उनीहरूलाई कानुनी दायरामा ल्याएको जानकारी दिएको छ ।




कार्यालयका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले पक्राउ परेका चारै जनालाई आइतबार नै सहकारी ठगीको कसुरमा कारबाही गर्न जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको प्रभावलाई जानकारी दिए । बचतकर्ताहरूले आफूहरूको ९४ करोड २१ लाख ४२ हजार रूपैयाँ बचत फिर्ता नगरेको भन्दै ठगीसम्बन्धी उजुरी दिएका थिए । सहकारी विभागले पनि सहकारीको बचत अपचलन गरेको पाइएको जनाएको थियो । त्यसपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) लाई २५ असोज २०८० मा पत्राचार गर्दै कारबाही गर्न भनेको थियो ।

उक्त सहकारीको कार्यालय ललितपुरमा रहेको भन्दै सिआइबीले २६ मंसिर जिल्ला प्रहरी परिसर ललितपुरलाई अनुसन्धान अघि बढाउन पत्राचार गरेको थियो ।

(**क्रमशः पृष्ठ २ मा**)

### छानबिन समितिको कार्यविधि तयार

**काठमाडौं (प्रस)–** सहकारीको बचत अपचलनबारे छानबिन गर्न गठित संसदीय छानबिन विशेष समितिको कार्यविधि तयार भएको छ । समिति सदस्यहरूको आइतबारको बैठकले सहमतिमै छलफल गरेर कार्यविधि पारित गरेको हो ।

सहकारी छानबिनसम्बन्धी कार्यादेश निर्माणमा संलग्न सांसदहरू महेश बर्तौला, हितराज पाण्डे, रमेश लेखक, ज्ञानेन्द्रबहादुर कार्की र जीवन परियारसँग पनि आवश्यक छलफल गरी बैठकले आफ्नो कार्यविधि पारित गरेको समिति संयोजक सूर्यबहादुर थापाले जानकारी दिए ।

(**क्रमशः पृष्ठ २ मा**)

**सन्दर्भ: वैदेशिक रोजगार**

श्रममन्त्री अर्यालको १०० दिन

# वैदेशिक रोजगार क्षेत्रमा उल्लेख्य सुधार गरेको दाबी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले आन्तरिक तथा वैदेशिक रोजगारीको क्षेत्रमा सुधार गरेको दाबी गरेका छन् । मन्त्रालयको कार्यभार सम्हालेको १०० दिन पुगेको अवसरमा आइतबार प्रगति विवरण सार्वजनिक गर्दै उनले यस्तो दाबी गरेका हुन् ।

उनले विशेषत: वैदेशिक रोजगारीमा जाने कामदारसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा सुधार गरिएको प्रगति विवरणमा उल्लेख गरेका छन् । मन्त्री अर्यालले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई थप आर्थिक भार तथा बोझ दिनेगरी विगतमा भएका निर्णय तथा जारी भएका कार्यविधिहरूको असर तथा प्रभाव अध्ययन गरी विवादित कार्यविधिहरूको खारेज, स्थगन तथा परिमार्जन प्रक्रिया अघि बढाइएको उल्लेख गरेका छन् । पुन: श्रम स्वीकृति एक तहबाट जारी गर्नेगरी वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि, २०७९ लाई संशोधन गरिएको, विदेशस्थित नेपाली कूटनीतिक नियोगमा रहने काउन्सेलर (श्रम) तथा श्रम सहचारीको नियुक्तिलाई



### जानकारहरूको टिप्पणी–
### हल्ला गरेअनुसार कामको नतिजा देखिएन

व्यवस्थित र नियमित गर्न वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४३ (२) बमोजिम काउन्सेलर तथा श्रम सहचारी छनौट (श्रम) तथा नियुक्तिसम्बन्धी मापदण्ड, २०८१ जारी गरिएको लगायतलाई उनले उपलब्धिको रूपमा प्रस्तुत गरेका छन् ।

यसैगरी पूर्वप्रस्थान अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ लाई परिमार्जन गरी व्यावहारिक, वस्तुनिष्ठ र समयसापेक्ष बनाउन सरोकारवालासँग छलफल गरी सुझाव पेस गर्नेगरी समिति गठन भई कार्य गरिरहेको मन्त्री अर्यालले बताए । 'मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उजागर र वृद्धि गर्न तथा रोजगारदाता र श्रमिकका बीच सम्बन्ध सेतुको रूपमा कार्य गर्न सातै प्रदेशमा श्रमाधान रोजगार मेला आयोजना गरिएको छ,' आइतबार आयोजित पत्रकार सम्मेलनमा उनले बताए ।

सय दिनको अवधिमा कतारसँगको श्रम सम्झौता पुनरावलोकनका लागि मस्यौदा प्रस्ताव गरिएको, रोमानिया र मौरिससको भिसा तथा इन्टरभ्यू सेन्टर नेपालमा स्थापना तथा रोमानिया र जर्मनीसँग भएको श्रम सम्झौता कार्यान्वयनका लागि परराष्ट्र मन्त्रालयमार्फत पत्राचार गरिएको पनि प्रगति विवरणमा समेटिएको छ । साथै, मलेसिया सरकारबाट नवीकरणका लागि प्राप्त भएको श्रम सम्झौताको प्रस्तावित मस्यौदाउपर परराष्ट्र मन्त्रालयको राय लिई हाल कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा रायका लागि पठाइएको उल्लेख गरिएको छ ।

यस्तै श्रम मन्त्रालयको निर्णयानुसार विभिन्न गन्तव्य मुलुकहरूसँग भएको नयाँ तथा पुराना द्विपक्षीय श्रम सम्झौता/समझदारीको मस्यौदा निर्माण, पुनरावलोकन तथा वैदेशिक रोजगारलाई व्यवस्थित वनाउन हाल कार्यान्वयनमा रहेका विभिन्न कार्यविधि, निर्देशिका एवं मापदण्डहरूको पुनरावलोकन, आवश्यकता अनुसार नयाँ कार्यविधि र निर्देशिका निर्माण गर्न रोजगार व्यवस्थापन महाशाखाप्रमुखको संयोजकत्वमा (**क्रमशः पृष्ठ २ मा**)




## पृष्ठ १ बीट क्रमशः

### बचतकर्ताको तीन...

अध्यक्ष थापासहित १३ जनाविरुद्ध १९ पुस २०८० मा काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जीसमेत जारी भएको थियो । तीमध्ये चार जना पक्राउ परेका हुन् । पक्राउ पुर्जी जारी भएकामध्ये एक जनाको मृत्यु भइसकेको, एक जना मिर्गौलाको गम्भीर बिरामी भई उपचार गराइरहेका र अरू फरार रहेको पाइएको प्रहरीले जनाएको छ । आइतबार पत्रकार सम्मेलन गर्दै कार्यालय प्रमुख भट्टराईले भने, 'आकर्षक ब्याज दिने लोभ र विश्वास दिलाएर बचत संकलन गर्ने गरेको देखिन्छ । बचतकर्ताको रकमबाट सञ्चालकहरूलाई लाभ र बचतकर्तालाई हानि पुऱ्याइ बचतकर्ताहरूको निक्षेप अपचलन गरेको उजुरीको आधारमा पक्राउ गरिएको हो ।'

यसअघि २६ माघ २०८० मा सहकारी विभागको सिफारिसमा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले यो सहकारीलाई समस्याग्रस्त घोषणा गरी सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय पठाएको थियो ।

सहकारी व्यवस्थापन समितिको कार्यालयका अनुसार अनलाइन मागदाबी पेस गर्न सूचना जारी गरिएको थियो । त्यसबेला दुई हजार ५३१ जना बचतकर्ताबाट दुई अर्ब ८२ करोड २७ लाख ८८ हजार रूपैयाँको मागदाबी परेको थियो । सहकारी विभागले उक्त सहकारी समस्याग्रस्त घोषणा हुनुअघि २५ असोज २०८० मा संस्थाका सञ्चालक र व्यवस्थापकको सम्पत्ति र बैंक खाता रोक्का गर्न पत्राचार गरेको थियो ।

उजुरी परेपछि अध्यक्ष थापाले जोगिन अनेक जुक्ति निकाले । पहिलो त उनले हुलिया परिवर्तन गरे । कहिले घर त कहिले डेरा लिएर लुके । तेजविक्रम नाम रहेका उनले राज ठकुरीको नामबाट परिचयपत्र बनाएर प्रयोग आएको खुलेको छ । राज ठकुरीको नाममा गोर्खा टिभीको आइडी कार्ड पनि बनेको पाइएको छ । झापा, चितवनमासमेत केही समय लुकेर बसेको प्रहरीले फेला पारेको छ । पछिल्लो समय उनी काठमाडौंको गोकर्णेश्वर नगरपालिका-७ मा आफ्नो घर जान चाहन्थेन । तर, पछिल्लो समय भने गोकर्णेश्वरमै फ्ल्याट भाडामा लिएर बस्दै आएका थिए । प्रहरीले उनी र उनका श्रीमती सजना र सञ्जयलाई सोही फ्ल्याटबाट पक्राउ गरेको हो ।

थापाले सहकारीको रकम लगेर टिभी खोल्नेदेखि मार्ट र अस्पतालसम्म लगानी गरेको पाइएको छ । थापाले २०५६ सालमा कृषि विकास सहकारी संस्थाको चिफ अकाउन्टेन्ट भएर काम गरेका थिए । २०६० सालमा भने उनी सहकारीको कार्यकारी अध्यक्ष पदमा नियुक्त भएका थिए । त्यसपछि उनले बचतकर्ताको रकम हिनामिना गर्न सुरु गरेको पाइएको कार्यालयका प्रमुख भट्टराईले बताए ।

उनका अनुसार थापा २०७१ सालमा खुलेको कृषि टेलिभिजनको अध्यक्ष बने । त्यसको दुई वर्षपछि २०७३ सालमा उनीसमेतको लगानीमा गोर्खा टेलिभिजन सञ्चालनमा आयो । पछिल्लो समय उनले गोर्खा टिभीकै आइडी कार्ड प्रयोग गरिरहेका थिए । २०६६ सालमा भक्तपुरको लोकन्थलीमा खुलेको समिट अस्पतालको अध्यक्ष पनि थापा नै हुन् । यो अस्पताल पनि सहकारीकै रकम अपचलनबाट खुलेको प्रहरीको दाबी छ ।

२०७१ सालमै उनी इन्टेन्सिभ एग्रिकल्चर कम्पनी प्रालि ललितपुरका अध्यक्ष बनेका थिए । २०७४ मा यति हर्ब्स प्रालिको अध्यक्ष बने । थापाले कृषि इन्भेस्टमेन्ट प्रालिको नाममा काठमाडौं उपत्यकाका १४ ठाउँमा मार्टसमेत खोलेको पाइएको छ । थापाकी श्रीमती सजना २०५८ सालदेखि नै उक्त सहकारीमा आबद्ध थिइन् । उनी सुरुमा मार्केटिङको काम गर्थिन् । २०६२ सालदेखि भने सहकारीको प्रशासन प्रमुख भएर काम गरेकी थिइन् । थापा पक्राउ परेपछि उनको क्रिमिनल रेकर्ड सिस्टम (सिआरएस) जाँच गर्दा बैंकिङ कसुरको मुद्दा पनि रहेको फेला परेको एसपी भट्टराईले बताए ।

थापाविरुद्ध ८ चैत २०७९ मा जिल्ला प्रहरी परिसर काठमाडौंमा २६ लाख ६६ हजार ६६६ रूपैयाँको बैंकिङ कसुर मुद्दामा कारबाही भएको पाइएको छ । परिसरमै २ ९ वैशाख २०८० सोही बराबर २६ लाख ६६ हजार ६६६ को बैंकिङ कसुरको दोस्रो मुद्दामा पनि कारबाही भएको सिआरएसमा भेटिएको छ ।

बाँकी तीन वटा बैंकिङ कसुरको मुद्दामा भने उनी फरार प्रतिवादी हुन् । परिसर काठमाडौंमै उनीविरुद्ध २३ साउन २०८० मा २६ लाख ६६ हजार ६६६ रूपैयाँको बैंकिङ कसुरको जाहेरी परेको थियो । उक्त मुद्दामा उनी फरार छन् । २३ माघ २०८० मा जिल्ला प्रहरी परिसर ललितपुरमा ९५ लाख र २४ वैशाख २०८१ मा परिसर ललितपुरमै ९५ लाखको अर्को जाहेरी परेको खुलेको छ ।

■■■

### छानबिन समितिको...

समिति बैठकले आफ्नो कामलाई अघि बढाउनका लागि कार्यसूचीहरू पनि तय गरेको छ । संघीय सहकारी मन्त्रालय, सहकारी विभाग, सहकारी बोर्ड, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिसहितका निकायहरूसँग छलफल गर्ने र अहिलेको सहकारीको समस्याको बारेमा, बचत अपचलन, दुरूपयोगको बारेमा र समग्र अवस्थितिको बारेमा जानकारी लिने र त्यस आधारमा अरू सूचना, तथ्यहरू लिने कामहरू पनि गर्ने गरी कार्यसूची तयार गरिएको संयोजक थापाले बताए ।

■■■

### कसले सुन्ला...

गर्मीको प्रवाहनगरी माइतीघरमा धर्नामा बस्न बाध्य छौं तर कसैले हाम्रो कुरै सुन्दैन ।' उनले चुरे दोहन र वन विनासका कारण पानीको स्रोत सुक्दै गएकोले चुरेवासी पानीको संकटबाट गुज्रिनुपरेको भन्दै चुरे संरक्षण र खानेपानीको उपलब्धताका माग गर्दै धर्ना दिइएको जानकारी दिइन् ।

चुरे क्षेत्र संरक्षणको मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका अध्यक्ष डा. किरण पौडेलले पनि चुरेको बढ्दो विनासका कारण खानेपानी सुक्ने तथा प्राकृतिक विपद्को जोखिम बढिरहेको बताए । 'खानेपानीको स्रोत बचाउन र जमिनमुनिको पानी संरक्षणका लागि पोखरीहरू निर्माण गर्ने योजना बनाएका छौं,' उनी भन्छन्, 'पहिरो तथा भू–क्षय नियन्त्रण गर्नका लागि चुरेमा बाँस रोप्न आवश्यक लगानीका लागि वैदेशिक दाताहरूसँग अनुरोध गरिरहेका छौं ।'

समितिका अध्यक्ष डा. किरण पौडेलका अनुसार चुरे आसपासका ३० हजार घर प्राकृतिक विपत्तीको उच्च जोखिममा रहेका छन् । 'समितिले गरेको अध्ययनअनुसार हालसम्म चुरे क्षेत्रका ३० हजार घर विशेषगरी पहिरोको उच्च जोखिममा रहेका छन्,' उनले भने, 'ती घरहरू अन्यत्र स्तानान्तरण गर्न नसके ठूलो धनजनको क्षति हुने सम्भावना छ, बस्ती स्तान्तरणका लागि बजेट र अन्तरसरकारी निकायहरूबीचको समन्वय आवश्यक पर्छ ।'

**बजेट कम हुँदा गुरुयोजना कार्यन्वयनमा समस्या**

समितिका अध्यक्ष पौडेलका अनुसार आवश्यकता अनुसारको बजेट विनियोजन नहुँदा चुरे क्षेत्रको २० वर्षे गुरुयोजना कार्यान्वयनमा चुनौती थपिएको छ । चुरे तराई मधेस संरक्षण तथा व्यवस्थापनसम्बन्धी २० वर्षे गुरुयोजनाले तोकेको कार्यक्रम र त्यसमा लाग्ने लागतको विपरीत हरेक वर्ष विनियोजन हुने बजेटले गुरुयोजना कार्यान्वयनमा चुनौती देखिएको उनको भनाइ छ । चुरेको गुरुयोजनाले तोकेको कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी अभाव, जनशक्तिको अभाव, तल्लो तहसम्म संरचनागत विकास नहुँदा गुरुयोजना कार्यान्वयनमा चुनौती थपिँदै गएको पौडेलले जानकारी दिए ।

गुरुयोजनाले बर्सेनि नौ अर्बभन्दा बढी लागत आवश्यक पर्नेमा वार्षिक एक अर्ब हाराहारीमा मात्रै बजेट विनियोजन हुँदा समस्या थपिएको उनको भनाइ छ । पौडेलका अनुसार चुरेको गुरुयोजना स्वीकृत भएको पहिलो पाँच वर्षको अवधिलाई मूल्यांकन गर्दा अनुमानित लागतभन्दा झन्डै आठ गुणा नै कम बजेट विनियोजन भएको देखिन्छ । गुरुयोजनाको २० वर्षको अवधिमा २०७२ सालको मूल्यमा दुई खर्ब ४९ अर्ब ७० करोड एक लाख रूपैयाँ लगानी आवश्यक पर्ने अनुमान गरिएको छ । गुरुयोजना तर्जुमा गरेको (२०७२) पहिलो पाँच वर्षको लागि अनुमानित लागतमध्ये पहिलो वर्ष नौ अर्ब ८७ करोड रूपैयाँ, दोस्रो वर्ष १८ अर्ब २४ करोड, तेस्रो वर्ष २१ अर्ब २० करोड, चौथो वर्ष १८ अर्ब ४८ करोड र पाँचौं वर्ष १३ अर्ब पाँच करोड ३६ लाख ९६ हजार लगानी आवश्यक पर्ने अनुमान छ । तर अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि विनियोजन गरेको बजेटमा चुरे क्षेत्रका लागि एक अर्ब पाँच करोड रूपैयाँ बजेट रहेको छ । चुरेमा अव्यवथित तरिकाले निर्माण हुने भौतिक पूर्वाधार, चुरेको अत्याधिक दोहन, समन्वयको अभाव, राजनीतिक दलको कम चासो, अपर्याप्त बजेटलगायतका चुरे क्षेत्रको संरक्षणका मुख्य चुनौतीहरू रहेका छन् ।

**के हो चुरे ?**

समितिका अनुसार हिमालय क्षेत्रको दक्षिण तराईबाट उत्तरतिर हेर्दा तराईको समथर मैदानपछि देखिने उठेको पहिलो उभार तथा महाभारतबाट दक्षिणतर्फ ओर्लिंदा समथर तराई आउनुअघिको अन्तिम पर्वतीय क्षेत्र नै चुरे हो । चुरेलाई चुरिया वा शिवालिक पर्वत पनि भनिन्छ । खुकुलो पत्रे चट्टान र कमलो माटोले बनेको चुरे क्षेत्रको भू-भाग नेपालको पूर्व-पश्चिम फैलिएको छ । पाकिस्तानको इन्दस नदीदेखि नेपाल हुँदै भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको चुरेले नेपालको कूल क्षेत्रफलको १२.७८ प्रतिशत भू-भाग ओगटेको छ । नेपालभित्र चुरे क्षेत्रले पूर्वको इलामदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्म ३७ जिल्लाका भू-भागलाई छोएको छ ।

भूगोलविद्हरूको अध्ययनअनुसार करिब चार करोड वर्षअघि हिमालय उत्पत्तिका क्रममा गेग्रान थुप्रिएर चुरे क्षेत्र निर्माण भएको हो । उत्तरबाट हिउँ पग्लेर बग्दै आउने नदी महाभारत क्षेत्र हुँदै अन्तिममा चुरेबाट तराईतिर बग्छन् । त्यसैले पनि यो कमलो ढुंगामाटोले बनेको क्षेत्र पर्यावरणीय दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ । चुरेको फेदीमा नदीले बगाएर ल्याएका ढुंगा, गिटी, बालुवा र कंकडले बनेको भावरको समथर भू-भाग छ । यसले दक्षिणी समथर तराईका लागि पानी सञ्चित गरी भूमिगत जल भण्डारणमा महत्त्वपूर्ण भूमिका खेल्छ । नेपालको चुरे क्षेत्रले जम्मा जंगलको ७३ प्रतिशत भू-भाग ओगटेको छ ।

करिब चार करोड वर्ष पहिले हिमालयको उत्पत्तिको क्रममा नदीजन्य पदार्थहरू थुप्रिएर बनेको सबैभन्दा कान्छो र कमजोर पहाड श्रृंखलाला नै चुरे हो । अधिकांश ठाउँमा तराईको भू-भाग सकिएर माथि उठेको भू-भाग तथा महाभारत क्षेत्रको भू-भागबाट ओर्लिंदा भेटिने अन्तिम पहाडका रूपमा चुरेलाई लिइन्छ । सबैभन्दा कान्छो पहाडको रूपमा परिचित चुरेको भू-वनावट निकै कमजोर छ । पछिल्लो समय चुरे दोहनका कारण त्यस क्षेत्रमा हुने आर्थिक सामाजिक, भौगालिक, प्राकृतिक तथा मानवीय क्षतिको विषयमा सरोकारवालाहरू गम्भीर बनेका छन् ।

विज्ञका अनुसार चुरेको विनास थालिएको ६० वर्ष भयो । वि.सं. २०११ सालको विनासकारी बाढीपहिरोपछि पहाडका मानिस चुरे आसपासमा झरेर वसोवास गर्न थालेको र त्यसपछि चुरे क्षेत्रको वन विनास हुन थालेको समितिको भनाइ छ । २०१३ सालमा अमेरिकी सहयोग नियोगको सहयोगमा नेपालमा औलो उन्मूलन अभियान सुरु भयो । त्यसपछि पहाडबाट तराई झर्ने क्रम तीव्र भयो । त्यसको प्रत्यक्ष असर चुरे पर्वत शृंखलामा पर्न गएको देखिन्छ । वि.सं. २०१८ पछि राजा महेन्द्रले नेपाली कांग्रेसले सुरु गरेको प्रजातन्त्र पुनर्बहाली आन्दोलन कमजोर पार्न पहाडका भूतपूर्व सैनिकलाई तराईको वनजंगल फँडानी गरी पूर्वका उदयपुर, झापा, मोरङ र सुनसरीका 'झोरा' मा बसोबास गराउन थालेका थिए । वीरेन्द्र राजा भएपछि मात्र यो क्रम रोकिएको हो ।

चुरे विनासका कारण चुरे क्षेत्रको अस्तित्व नै समाप्त हुने खतारा बढ्न थालेपछि नेपाल सरकार, अन्य सरोकोरवाला निकायहरू 'चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई भन्ने नाराका साथ चुरे संरक्षणमा लागि परेका छन् । कमजोर र निकै संवेदनशील भौगिलिक क्षेत्रमा रूपमा चिनिने चुरे क्षेत्रको विनासले त्यस क्षेत्रको प्राकृतिक विनास बढ्दै गइरहेको भन्दै सरोकारवाला निकायहरूले संरक्षणका लागि दबाब दिँदै आइरहेका छन् ।

चुरे संरक्षण कार्यक्रम

चुरे क्षेत्रमा भइरहेको वातावरणीय विनास र त्यस क्षेत्रमा परेको नकारात्मक असरलाई न्यूनीकरण गर्ने उद्देश्यले वन तथा भू-संरक्षण मन्त्रालयको मातहतमा आर्थिक वर्ष २०६७/६८ देखि नै राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन भयो । यस कार्यक्रमलाई अझै प्रथामिकता दिँदै थप प्रभावकारी बनाउन वातावरण संरक्षण क्षेत्र घोषणा गर्दै २०७२ असार २ गतेदेखि राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिको गठन भएको हो । समिति गठनसँगै चुरे संरक्षणको कार्यक्रमको प्रभावकारिता तथा प्रचारप्रसार बढ्न थालेको छ । सर्वसाधारणहरू पनि चुरे संरक्षण गर्नुपर्छ भन्ने मानसिकता विकास गर्न थालेका छन् ।

चुरे संरक्षणलाई प्रभावकारी बनाउँदै चुरेलाई पुरानै अवस्थामा फर्काउनका लागि चुरेको संरक्षणका भावी र दिगो योजनासहित सरकारले चुरे क्षेत्रको २० वर्षे गुरुयोजनासमेत तयार गरेको हो । देशको ५१ प्रतिशत जनसंख्या रहेको चुरे क्षेत्रको दिगो विकास तथा संरक्षणका कार्यक्रम चुरे संरक्षणका लागि अपरिहार्य रहेको बताउँछन्, चुरेविद् विनोद भट्ट । चुरेको गुरुयोजनाले तोकेअनुसारको लक्ष्य प्राप्ति नभएको भन्दै उनले चुरे क्षेत्रको संरक्षणमा सबै तहको समन्वयकारी भूमिका आवश्यक रहेकोसमेत उनले औंल्याए । *रासस*

■■■

### वैदेशिक रोजगार...

अध्ययन सुझाव कार्यदल गठन भई काम गरिरहेको मन्त्री अर्यालले बताए । श्रमिकमाथि हुने जोखिम न्यूनीकरण गर्न वैदेशिक रोजगारसम्बन्धी सूचना र परामर्श प्रदान गर्ने कार्यलाई ७७ जिल्लामा विस्तार गरिएको बताएका छन् । यसैगरी वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु हुने मृतकका परिवारलाई दिइने क्षतिपूर्तिबापतको रकम सात लाखबाट बढाएर १० लाख रूपैयाँ हुने गरी प्रस्ताव गरिएको उनको प्रगतिविवरणमा उल्लेख छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा श्रमिक हेल्थ डेस्क स्थापनाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरिएको, वीर अस्पतालमा सञ्चालनमा रहेको टेलिमेडिसिन सेवाको विस्तार तथा प्रभावकारिताका लागि आवश्यक थप व्यवस्था मिलाइएको जानकारी दिएका छन् । त्यस्तै वैदेशिक रोजगारीसँग सम्बन्धित सम्पूर्ण सेवाहरू क्यासलेस, फेसलेस, पेपरलेस बनाइ प्रभावकारी, छिटो, छरितोरूपमा प्रवाह गर्न निर्णय तह घटाइएको उल्लेख गरेका छन् । साथै, फेइम्स तथा परराष्ट्रको मागपत्र प्रमाणीकरण सफ्टवेयरवीच अन्तरआबद्धता कायम गरिएको पनि मन्त्री अर्यालले उल्लेख गरे ।

मन्त्रालय र कर्मचारीमा पनि शुसासन कायम गर्ने उदेश्यले नेपाल सरकारलाई उपलब्धि नहुने वैदेशिक भ्रमणलाई सकेसम्म निरुत्साहित गरिएको उनले बताए । साथै मन्त्रालयमा प्राप्त हुने वैदेशिक अध्ययन, तालिम तथा अवलोकन भ्रमणका अवसरहरूको वितरणलाई समन्यायिक र उपलब्धिमूलक तुल्याउन वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम समिति गठन गरी पारदर्शी ढंगबाट वैदेशिक भ्रमण मनोनयन गर्ने कार्यको थालनी गरिएको पनि मन्त्री अर्यालले जानकारी दिए ।

श्रममन्त्री अर्यालले १०० दिनको प्रगति विवरण सार्वजनिक गर्दै उल्लेख्य सुधारको काम भएको दाबी गरे पनि वैदेशिक रोजगार क्षेत्रको समस्या यथावत् रहेको जानकारहरू बताउँछन् । मलेसिया तथा खाडी मुलुकमा 'फ्रि भिसा, फ्रि टिकट' लागू गरिएको वर्षौं हुँदा पनि व्यावहारिकरूपमा कार्यान्वयनमा नआएको समस्या आज पनि हटेको छैन । यसतर्फ श्रममन्त्री अर्यालले पहल गरेको देखिँदैन । आज पनि श्रमिकले म्यानपावर कम्पनीलाई लाखौं रकम बुझाएर विदेश जानुपर्ने बाध्यता छ । वैदेशिक रोजगारसम्बन्धी जानकारहरू श्रममन्त्री अर्यालले धेरै काम गरेको देखाउन खोजे पनि व्यवहारमा नतिजा नदेखिएको टिप्पणी गर्छन् । यद्यपि, व्यवसायीलाई पोस्नेगरी पूर्वमन्त्री शरतसिंह भण्डारीले बनाएका नीतिहरू रोक्ने अर्यालको काम भने सकारात्मक रहेको उनीहरूको भनाइ छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUEMEDIA FACTORY FOR ELECTRONIC BOARD INDUSTRY

पूर्व स्वीकृति मिति २०८१/०३/०२ LT No. 306585 चलानी नं. ६०२२१२५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 10 | 0 | 130 | ५६,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम इजाजत नं. ३०१/०५९/०६०



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROSETTI ALI & SONS L.L.C.

पूर्व स्वीकृति मिति २०८१/०३/०२ LT No. 306664 चलानी नं. ६०२२१२८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Arc welder/scaffolder/Rigger | 25 | 0 | 1800 | ६५,३४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Metal structures welder/Scaffolder/Rigger | 25 | 0 | 1800 | ६५,३४९ | | | | | | | |

कम्पनी : SAWAEED EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति २०८१/०३/०२ LT. No.306665 चलानी नं. ६०२२१२८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL LABOUR/HELPER | 200 | 0 | 800 | २९,०४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | MASON | 50 | 0 | 1200 | ४३,५६६ | | | | | | | |
| 3 | SCAFFOLDER | 30 | 0 | 1200 | ४३,५६६ | | | | | | | |
| 4 | shuttering carpenter | 50 | 0 | 1200 | ४३,५६६ | | | | | | | |
| 5 | STEEL FIXER | 50 | 0 | 1200 | ४३,५६६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com,
Permission No. 1676/080/081
INTREPID LEARN ADAPT EVOLVE



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAEEM BIN ALI BIN SALMAN AL AMRIT EST. FOR LOGISTICS SERVICES

पुर्व स्वीकृति मिति : २०८१/०२/०२ LT. No. 306549 चलानी नं. : ६०२२१२१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | २८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

SHIVAM INTERNATIONAL Manpower Services Pvt. Ltd
श्रम इजाजत नं १४७०/०७९/८०
Sinamangal-9, Kathmandu Nepal
Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com
Web: www.shivamintlmanpower.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SWISS BELINN HOTEL AND APARTMENTS

पूर्व स्वीकृति मिति २०८१/०३/०२ LT. No. 306533 चलानी नं. ६०२२१२४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 0 | 150 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: [illegible]

KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486
Govt. License 593/062/63



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLEX FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति २०८०/११/०४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 300085 चलानी नं. ६०२१५०३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/cleaning Worker | 50 | 0 | 800 | २९,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner/cleaning Workers | 0 | 25 | 900 | ३२,६७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ११ गते (25th June 2024) मा हुनेछ ।
कास्की, पोखरा, नमस्ते जनप्रिय थकाली भान्छा घरमा मिति: २०८१ असार १२ गते (26th June 2024) मा हुनेछ ।
सुनसरी, इटहरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ ।
झापा, बिर्तामोड, सीपी होटलमा मिति: २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।

सम्पर्क नं:
पोखराको लागि: ९८१९१००८१४, ९८०५८२७७८२, ९८१४१६६०३९, इटहरीको लागि: ९८१९३११७१८, ९८११३३७१७१,
झापाको लागि: ९८१८२८३६९८, ९८०१९३३२४१

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: [illegible]

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:-+977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम इजाजत नं. ५७१/०६८/०६९



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TARIQ AL GHANIM GENERAL TRADING AND CONTRACTING CO

पूर्व स्वीकृति मिति २०८०/१०/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 299419 चलानी नं. ६०२१४३०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/Labour | 40 | 0 | 95 | ४१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Scaffolder | 100 | 0 | 130 | ५६,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० देखि १२ गते (24-26 June. 2024) सम्म हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com
/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम इजाजत नं. ६२०/०६९/०७०

# ताप्लेजुङमा बाढीपहिरोबाट दार्जनौं परिवार विस्थापित

**फुङ्लिङ (ताप्लेजुङ)**– निरन्तर वर्षाका कारणले ताप्लेजुङका विभिन्न ठाउँमा गएको पहिरोले दर्जनौं परिवार विस्थापित भएका छन् । गत बुधबारयता निरन्तर हुँदै आएको वर्षाका कारण गएको पहिरोले घरमा क्षति पुर्‍याउँदा दर्जनौं परिवार विस्थापित भएका हुन् ।

शनिबार राति मिक्वाखोला गाउँपालिका-५ ताङखु गाउँमा सात किसानको २३ रोपनी अलैंची बगान पहिरोले बगाएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कमलकुमार लुंगेलीले बताए । प्रहरीका अनुसार शनिबार पहिरो जाँदा मिक्वाखोला-५ पापुङमा तीन परिवार विस्थापित भएका छन् । ताप्लेजुङका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक रवि रावलका अनुसार पापुङ, तांगु टोलका आइतवीर लिम्बू, मनकुमार लिम्बू र मोहन लिम्बूको परिवार विस्थापित भएका छन् ।

बिहान वर्षासँगै माथिबाट झरेको पहिरोले बस्न नमिल्ने गरी घरमा क्षति पुर्‍याउँदा उनीहरुको परिवारले विस्थापित हुनुपरेको प्रनाउ रावलले जानकारी दिए ।

यस्तै, सिरिजंघा गाउँपालिका-६ मामांगेमा शनिबार गएको पहिरोले छ परिवार विस्थापित भएका छन् । मामांगे थत्रुवाका गोरीमाया लिम्बू, पूर्णकुमार माबो र भीममाया गुरुङको परिवारले विस्थापित हुनुपरेको छ । मामांगेकै थबाबुकका ख्यालमान लिम्बू र वीरबहादुर लिम्बू, आगेगाउँका चन्द्रबहादुर लिम्बूको परिवार विस्थापित भएको जनाइएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार शनिबार वर्षासँगै गएको पहिरोले सिरिजंघा-७ मा नवराज लिम्बूको घर, भान्सा घर र पशुचौपाया गरी रु १६ लाख ९० हजार क्षति भएको छ । त्यस्तै, शुक्रराज लिम्बूको घर पूर्णरूपमा क्षति र पशुचौपाया गरी १० लाख ८० हजार रूपैयाँबराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

सिरिजंघा-८ याम्फुदिनको साम्मेधुङ टोलका पदम माबो, कीर्तिमान लिम्बू, राजबहादुर लिम्बू र छिरिङ भोटेको परिवार विस्थापित भएको प्रहरीले जनाएको छ । पहिरोले खानेपानीमा क्षति पुर्‍याउँदा मामांगेका करिब ३०० परिवार खानेपानीबाट वञ्चित हुनुपरेको पनि स्थानीयले जानकारी दिएका छन् । यसैगरी, याम्फदिनमा पनि दर्जनभन्दा बढी परिवार बाढीपहिरोको उच्च जोखिममा रहेका स्थानीय जनप्रतिनिधि सन्तोष राईले जानकारी दिए । गत बुधबारयता ताप्लेजुङमा पहिरोमा परी पाँचजनाको मृत्यु भइसकेको छ । त्यस्तै, ५५ पशु चौपाया मरेका छन् । मनसुन पूर्णरूपमा सक्रिय नहुँदै बाढीपहिरोले मानवीयसहित पशुचौपाया, खेतीबाली, सडक, पुल, खानेपानीलगायत संरचनामा क्षति गर्न थालेकाले जिल्लावासी त्रसित बनेका छन् । *रासस*

# बकर इद मनाउँदै मुस्लिम समुदाय

**काठमाडौं–** मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद (इदुल जोहा) आज देशभरका मस्जिदमा मनाइँदै छ । इदुल फित्र अर्थात् रमजान पर्वको ७०औं दिनमा बकर इद मनाउने धार्मिक विधि छ । मुस्लिम धर्मावलम्बीले आज बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्छन् । नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने चलन छ ।

यस अवसरमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मिरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लाग्छ । हिजरी संवत् अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको हो ।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर इद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउनुहुन्छ । जसले यो पर्व एवं धर्मलाई पुस्तान्तर गर्न महत्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गरेका थिए ।

'जुन ग्रन्थलाई अहिले मुस्लिम धार्मिक विद्यालय (मदरसा) मासमेत अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्झनामा अहिले पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ,' उनले भने ।

यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिन्छ । मक्का मदिना जान गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हज यात्रा गराउने गरेको छ । यसका लागि गृह मन्त्रालयअन्तर्गत हज समितिको सचिवालय स्थापना गरिएको छ । मक्का मदिना जान नपाउने हजयात्रीले समेत घर घरमै बकर इद मनाउँछन् । यो पर्वको मुख्य उद्देश्य नै हज यात्रा हो । यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिन्छन् ।

धार्मिक मान्यताअनुसार अल्लाहका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो । जसलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माइलको कुर्बानी नभएर स्वर्ग (जन्नत) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ । यसै कारण अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ । निःसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मनन्नत मागेका थिए । अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धता थियो । सोहीअनुरूप अल्लाहले निजको परीक्षणस्वरूप सपनामा कुर्बानी गर्नुपर्छ भनेका थिए भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ । *रासस*

## PCL को मूल प्रमाणपत्र हरायो

मिति २०८१/०१/०९ ललितपुर, सातदोबाटोदेखि चाँपागाँउसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **PCL** को मूल पत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **सिता संजेल**
रजिस्ट्रेसन नं: ६-१-९९९-११८५-२००६
सर्म्पक फोन : ९८६१०६६२१५

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/०३ गते)

वंश बहादुर भट्टको छोरा जिल्ला धादिङ, साविक नलाङ -७, हाल सिद्धलेक गा.पा, वडा नं. १, कुडुलेगैरा बस्ने श्री कर्ण बहादुर भट्टको मिति २०८०/११/२८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको सिद्धलेक शाखामा रहेको सामाजिक सुरक्षा बचत खाता नागरीक बचत खाता र मुद्धती खाता नं.(०८१००३६७४६८००००१, ०८१००३६७४६८००००२, ०८१००३६७४६८००००४)मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती देव कुमारी भट्टले यस बैंकको सिद्धलेक शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय सिद्धलेकमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय सिद्धलेक, धादिङ फोन नं. ९८५१२४१६०५

## गोङ्गबुंसिद्धि बचत तथा ऋण सहकारी संस्था लि. साँवा ब्याज चुक्ता गर्न आउने बारेको १५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/२६ गते
दोस्रो पटक प्रकाशित मिति : २०८१/०३/०३ गते

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरूले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना लगायत अन्य दस्तुर आदि नतिरी सहकारीसँग गरेको कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा तारताकेता गरेको र सो गर्दा समेत सहकारीको साँवा, ब्याज, हर्जना चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले निम्न ऋणीहरूको नाममा मिति २०८१/०१/२६ गतेका दिन प्रभाव दैनिक पत्रिकामा साँवा, ब्याज, हर्जाना चुक्ता गर्न अत्यन्त जरूरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी झै-झमेला नभएको, नियमावली तथा सहकारीको कर्जा नीति र नियम बमोजिम धितो लिलामको सूचना प्रकाशित गरीने भएकोले तोकिएको समयभित्र संस्थामा उपस्थित भै साँवा, ब्याज, हर्जना चुक्ता गर्न हुन अनुरोध गरीन्छ । अन्यथा तपाईलाई सहकारी ऐन अनुसार कालो सुचीमा राखिने व्यहोरा र तपाईको अन्य सम्पत्ति रोक्का राखीने व्यहोरा समेत अवगत गराउँदछौं ।

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण | धितो सुरक्षण विवरण |
|---|---|
| १. कर्जाको शिर्षक: व्यवसायिक कर्जा<br>ऋणीको नाम: श्याम शरण नगरकोटी<br>बाबुको नाम: बल बहादुर नगरकोटी<br>बाजेको नाम: चन्द्र बहादुर नगरकोटी<br>ठेगाना: इचंगुनारायण-८, काठमाडौं  | १. काठमाडौं जिल्ला, ईचंगुनारायण, वडा नं. ८ स्थित श्याम शरण नगरकोटीको नाममा रहेको कित्ता नं. ९४ को क्षेत्रफल १२७.१६ व.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत) |
| २. कर्जाको शिर्षक : व्यवसायिक कर्जा<br>ऋणीको नाम: राम शरण नगरकोटी<br>बाबुको नाम: राज बहादुर नगरकोटी<br>बाजेको नाम: बल बहादुर नगरकोटी<br>ठेगाना: इचंगुनारायण-८, काठमाडौं  | २. काठमाडौं जिल्ला, ईचंगुनारायण, वडा नं.८ स्थित श्याम शरण नगरकोटीको नाममा रहेको कित्ता नं. ९० को क्षेत्रफल ९५.३७ व.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत) |

**नोट** : यस संस्थाबाट कर्जा लिएर समय-समयमा ब्याज र किस्ता नबुझाएका ऋणी सदस्यहरू सबैलाई संस्थामा सम्पर्क गरी आफुले बुझाउनु पर्ने साँवा ब्याज नियमित गर्न हुन अनुरोध गरिन्छ । अन्यथा यसैगरी पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक कानूनी कारवाही अगाडि बढाइनेछ ।

गोङ्गबुंसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
टोखा न.पा. वडा नं.९, गोङ्गबुं, सिद्धिटोल
फोन नं.: ०१४९५५९५७, ९८५१३३७८५७


## साउदी अरवमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAHDAT AL-AMAR LIMITED IS A ONE-PERSON LIABILITY COMPANY
पूर्व स्वीकृति मिति : २०८१/03/02 | LT. No. 306610 | चलानी नं. ६०२२१२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 59 | 0 | 1000 | ३५,५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान
Dhanusha, Janakpur Sub-metropolitian City, Soundline Training Center 24th Jun 2024
Banke, Nepalgunj Sub-metropolitian City, Nandanimil Khajura Road 25th Jun 2024

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Avion Human Resource Management Pvt. Ltd.
श्रम ईजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4499632, 4484744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL BLOSHI GENERAL CONTRACTING CO.
पूर्व स्वीकृति मिति २०८१/03/02 | LT. No. 306565 | चलानी नं. ६०२२१२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYAR CARPENTRY AND BLACKSMITHING
पूर्व स्वीकृति मिति २०८०/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/02 | LT No :301550 | चलानी नं. ६०२१६४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter/helper | 30 | 0 | 120 | ५२,२५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 25 | 0 | 150 | ६५,३२० | | | | | | | |
| 3 | Wood Painter | 10 | 0 | 150 | ६५,३२० | | | | | | | |

कम्पनी : RND CAFE & RESTAURANT CO.
पूर्व स्वीकृति मिति : २०७९/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/02 | LT. No. 283950 | चलानी नं.६०१९९३९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE MAKER / WAITER | 6 | 6 | 150 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOBHA CONSTRUCTIONS L.L.C.
पूर्व स्वीकृति मिति २०८१/03/02 | LT. No. 306523 | चलानी नं. ६०२२१२५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 75 | 0 | 1200 | ४३,५६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer | 90 | 0 | 1200 | ४३,५६५ | | | | | | | |
| 3 | Shuttering Carpenter | 170 | 0 | 1200 | ४३,५६५ | | | | | | | |
| 4 | Helper | 175 | 0 | 800 | २९,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: झापा, बिर्तामोड, झापा ट्रेनिङ सेन्टरमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।
धनुषा, जनकपुर, रामजानकी ट्रेनिङ सेन्टरमा मिति: २०८१ असार ११ गते (25th June 2024) मा हुनेछ ।
बाँके, नेपालगञ्ज, नेपालगञ्ज स्किल ट्रेनिङ सेन्टर एण्ड रिर्सच सेन्टरमा असार १२ गते (26th June 2024) मा हुनेछ ।
बहुदश्यीय क्यापिटल ट्रेनिङ एण्ड जब सेन्टर, काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Proficient Employment Services Pvt.Ltd
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAYAT AL DEEP TRADING CONTRACTING AND SERVICES
पूर्व स्वीकृति मिति २०८१/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/02 | LT. No. 305768 | चलानी नं. ६०२२०४९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 0 | 1 | 4000 | १४५,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Administrative Supervisor | 1 | 0 | 3000 | १०८,८३० | | | | | | | |
| 3 | Brick Mason | 1 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 4 | Carpenter | 3 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 5 | Dry Cleaner Worker | 0 | 3 | 1000 | ३६,२७५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९०,६९५ | | | | | | | |
| 7 | General Clean Worker | 8 | 20 | 1000 | ३६,२७५ | | | | | | | |
| 8 | Labour | 8 | 0 | 1000 | ३६,२७५ | | | | | | | |
| 9 | Mason | 5 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 10 | Painter | 2 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 11 | Plumber | 2 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 12 | Receptionist | 0 | 1 | 1500 | ५४,४१५ | | | | | | | |
| 13 | Supervisior | 0 | 2 | 2500 | ९०,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAMAN QAYMAT SAMOSA RESTAURANT FOR SERVING MEALS
पूर्व स्वीकृति मिति २०८१/03/02 | LT. No. 306468 | चलानी नं. ६०२२१२०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 3 | 0 | 1300 | ४६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEAUTY CARE SALON CO FOR LADIES BEAUTY
पूर्व स्वीकृति मिति २०८०/११/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/02 | LT No :300419 | चलानी नं. ६०२१५५४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 0 | 6 | 140 | ६०,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 2 | 140 | ६०,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ganapati Overseas Pvt.Ltd.
श्रम ईजाजत नं. २५८/०५८/०५९
Sinamangal -9 Kathmandu, Mobile: 9813951511, 9810195400,9851023416,9813906565,9851002766
Email: ganapatioverseas8093@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEEM TWENTY CAFÉ FOR SERVING DRINKS
पूर्व स्वीकृति मिति : २०८१/03/02 | LT. No.306553 | चलानी नं. ६०२२१२४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1500 | ५३,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NAHDAT AL EJTIYAZ CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८१/03/02 | LT. No.306552 | चलानी नं. ६०२२१२४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 2 | 0 | 1600 | ५८,८६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Spray Coating Worker | 2 | 0 | 1600 | ५८,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN LIGHT OVERSEAS PVT. LTD
श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, 9851358431
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### चुरे बचाऊ


आइतबार १०औं चुरे दिवस मनाइयो । सिरहामा आयोजित कार्यक्रममा प्रधानमन्त्रीसहितको टोली पुगेर दिवसलाई भव्य बनायो । चुरे संरक्षण गर्नुपर्ने भन्दै भाषण दिएर फर्किए । यो यसपालिमात्रै नभई पछिल्ला वर्षहरूमा निरन्तर चल्दै आएको छ । सरकारले चुरे संरक्षणका लागि भन्दै विशेष कार्यक्रमसमेत सञ्चालन गरिरहेको छ । तर, कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्दा दिनानुदिन चुरेको विनास बढ्दै गएको छ । चुरे क्षेत्रका प्राकृतिक स्रोतको दोहन रोकिएको छैन । यसले गम्भीर चुनौती खडा गरेको छ ।

आइतबारको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले चुरे संरक्षणमा तीन तहकै सरकार सक्रिय हुनुपर्ने बताए । उनले भने– चुरे पर्वतीय प्रणाली तराई–मधेसको पानीको स्रोत हो, चुरे क्षेत्रमा भएका प्राकृतिक सम्पदाहरू यसको तल्लोतटीय क्षेत्र अर्थात् मधेसमा बस्ने जनसमुदायका लागि जीवनरेखा हुन् ।

हो, चुरे साँच्चिकै तराई मधेसका जनताका लागि जीवनरेखा हुन् । यो कुरा बुझ्केको राज्यले यसको संरक्षणमा किन प्रभावकारी कदम चालिरहेको छैन भन्ने प्रश्न उनै प्रधानमन्त्रीमाथि उठ्छ । चुरे विनासका कारण त्यस क्षेत्रका बासिन्दाले भोगिरहेका पीडा राज्यले देखेर पनि नदेखेझैँ गरिरहेको छ । त्यसको प्रस्ट उदाहरण काठमाडौंको माइतीघरमा २५ दिनदेखि धर्ना बसिरहेका चुरेबासी हुन् । उनीहरू 'चुरे बचाऊ : पानी दिलाऊ सरकार' भन्दै धर्नामा बसेका हुन् । तर, उनीहरूको आवाज धर्नास्थल अगाडि नै रहेको सिंहदरबारले सुनेको छैन । मधेस प्रदेशका आठ वटै जिल्लाका चुरे बासिन्दा चुरे बचाउको गुहार माग्दै धर्नामा बसिरहेका छन् ।

चुरेको अत्यधिक दोहनका कारण खानेपानीको मुल सुक्ने, सतहमुनिको पानी सुक्ने, पहिरो तथा भू–क्षयको त्रास बढिरहेको धर्नामा बसेकाहरू सुनाउँछन् । उनीहरू चुरेका अवैध उत्खनन् नरोकिएसम्म चुरे दिवस मनाउनुको औचित्य नभएको बताउँछन् । उनीहरूको भनाइ सान्दर्भिक छ । सरकारले गम्भीररूपमा सुन्नुपर्छ । चुरेको विनासले चुरेबासीलाई मात्र प्रभावित बनाउने होइन । यसको क्षति समग्र मुलुकले नै बेहोर्नुपर्छ । सरकारले चुरे संरक्षणका लागि जति पनि कार्यक्रम अघि बढाएको छ, त्यसलाई प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्छ । चुरेको संरक्षण गर्नु भनेको पहिलो काम चुरे क्षेत्रमा भइरहेको अवैध उत्खनन् तत्काल रोक्नु नै हो । यसमा तीनै तहका सरकार कडाइका साथ लाग्नुपर्छ । अन्यथा चुरे संरक्षणको नारा नारामै सीमित हुने निश्चित छ ।

# अझै घट्न सकेन उच्च मातृ मृत्युदर



■ डा. भोला रिजाल

> सरकारले दिगो विकास लक्ष्यअन्तर्गत सन् २०३० सम्म मातृ मृत्युदर ७० जना प्रतिलाखमा झार्ने लक्ष्य राखेको छ । स्वास्थ्य क्षेत्रमा पाँच प्रतिशतभन्दा कम बजेट विनियोजन गरिएबाट यो लक्ष्य हासिल गर्न सम्भव छैन । समाज स्वस्थ्य नभएसम्म स्वास्थ्य बच्चा जन्माएर उचित शिक्षाको बन्दोबस्त गर्न सकिँदैन । देशका विकट ठाउँहरूमा सुलभ र गुणस्तरीय स्वास्थ्य संस्था स्थापनासँगै गर्भावस्थाको पहिचानदेखि आमार बच्चाको अवस्था थाहा पाउने जनशक्ति र उपकरणको व्यवस्था हुनु पर्दछ । त्यस्ता स्वास्थ्य संस्थामा भिडियो एक्सरे, ल्याबको व्यवस्था भएमा शिशु र आमाको स्वास्थ अवस्था जानकारी हुन्छ र समयमै सुरक्षित ढंगबाट बच्चा जन्माउन सकिन्छ ।

विश्वमा अति उच्च मातृ मृत्युदर भएका मुलुकहरूमध्ये नेपाल पनि एक हो । गर्भावस्थामा, प्रसूति अवस्थामा वा गर्भावस्था अन्त भएको ४२ दिनभित्रमा कुनै पनि कारणले हुने महिलाको मृत्युलाई मातृ मृत्यु भनिन्छ । मातृ मृत्युदर उच्च रहनुको अर्थ देशको स्वास्थ्य अवस्था अझै जटिल अवस्थामा रहेको छ । स्वीट्जरल्याण्ड ०.००१ प्रतिशत रहेको छ भने नेपाल अझै तीन अंकको अवस्थामा छ । २०७८ को जनगणनामा मातृ मृत्युदर १३० अंक (प्रतिलाख जीवित जन्ममा)ले घटेर औसत सुधार देखिए पनि ग्रामीण भेगमा अवस्था दर्दनाक छ । २०६८ सालको जनगणनाअनुसार प्रतिलाख जीवित जन्ममा मातृ मृत्युदर २८१ जना थियो । पछिल्लो जनगणनामा यो दर सुधार भएर १५१ जनामा झरेको छ ।

अझै ग्रामीण तथा विपन्न समुदायका महिलाहरूको गर्भवती/सुत्केरी अवस्थामा ज्यान जाने क्रम रोकिएको छैन । एक त गर्भजाँच तथा उपचारका लागि स्वास्थ्य संस्थासम्म सहज पहुँच पुग्न सकिरहेको छैन भने अर्कोतर्फ स्वास्थ्य संस्थाहरूमा भरपर्दो स्वास्थ्य सेवा पाउन सक्ने अवस्थासमेत बनिसकेको छैन । जसका कारण ग्रामीण भेगका महिलाको जीवन अझै पनि जोखिमपूर्ण छ । कतिपय घरपरिवारमा स्वास्थ्य सचेतना पुग्न सकिरहेको छैन, कतिपय अवस्थामा भइरहेका हेलचक्र्याइँले पनि गर्भवती/सुत्केरी अवस्थामा स्वास्थ्य सेवा नपाउँदा महिलाहरूको अकालमा ज्यान जाने गरेको छ । मातृ मृत्यु अध्ययन प्रतिवेदन २०७८ ले मातृ मृत्यु निम्तिनुमा स्वास्थ्य संस्थामा पुग्न नै ढिलाइ पनि एउटा कारण देखाएको छ ।

औसतमा मातृ मृत्युदर घटेको देखिए पनि तराईका मुसहर, चमार, डोमलगायत दलित, जनजाति र सीमान्तकृत समुदायका गर्भवती, सुत्केरीलाई मात्रै हेर्ने हो भने ती समुदायमा मातृ मृत्यु अझै विकराल छ । मातृ मृत्युदर सहरी क्षेत्रमा घटे पनि ग्रामीण भेगमा उस्तै रहेको छ । साक्षरता दर सुधार हुँदै गए पनि स्वास्थ्य सचेतना समुदाय तहसम्म पुग्न नसक्दा बालविवाह र किशोरावस्थामै आमा बन्ने, बच्चा जन्माउने क्रममा जटिलता आउने, समयमा उपचार नपाउने कारणले मातृ मृत्युदरको जोखिम यथावत छ ।

पछिल्लोपटक भएको अध्ययनअनुसार नेपालमा हुने मातृ मृत्युमध्ये सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा भएको देखिएको छ । नेपाल मातृ मृत्यु अध्ययन प्रतिवेदन, २०७८ अनुसार देशका सात प्रदेशमध्ये लुम्बिनी प्रदेशमा मातृ मृत्युदर उच्च रहेको देखिएको हो । अध्ययन प्रतिवेदनअनुसार लुम्बिनीमा प्रति एक लाख जीवित जन्म हुँदा मातृ मृत्यु २०७ रहेको छ । त्यसपछि कर्णाली प्रदेशमा १७२, गण्डकी प्रदेशमा १६१, कोशी प्रदेशमा १५७, मधेस प्रदेशमा १४०, सुदूरपश्चिम प्रदेशमा १३० र सबैभन्दा कम बागमती प्रदेशमा ९८ आमाहरूको मृत्यु भएको छ । लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये बाँकेमा ३६, रूपन्देहीमा ३०, कपिलवस्तुमा २८, दाङमा १५, बर्दियामा १४, नवलपरासी पश्चिम र गुल्मीमा सात-सात, रोल्पा र प्युठानमा छ-छ र अर्घाखाँची र पाल्पामा चार-चारजना आमाको मृत्यु भएको यो अध्ययनले देखाएको छ । गर्भावस्थादेखि नै स्वास्थ्य ख्याल नगर्दा मातृ मृत्यु निम्त्याइरहेको छ । प्रत्येक पालिकामा १५ शयचाको अस्पताल भनेको छ, त्यहाँ दक्ष तालिम प्राप्त जनशक्ति छैनन्, जटिल डेलिभरी हयान्डल गर्ने र शल्यक्रिया सेवा त पुग्नै सकेको छैन । प्रसूति सेवा दिने स्वास्थ्य संस्थामा २४सै घण्टा विशेषज्ञ सेवा उपलब्ध हुनुपर्छ ।

स्वास्थ्य मन्त्रालयले सन् १९९८ मा 'सुरक्षित मातृत्व' रणनीति तयार गरेदेखि नै आमा सुरक्षाको सवालमा ठोस कार्यहरू हुँदै आएको छ । गर्भावस्था, प्रश्रव र सुत्केरी अवस्थामा मृत्यु निम्त्याउन सक्ने जोखिम टार्न राष्ट्रियस्तरमा सुरक्षित मातृत्व कार्यक्रम प्रभावकारी देखिएको छ । मातृ मृत्युदरको अवस्था अन्य देशहरूमा पनि उत्तिकै जटिल रहेको देखिन्छ । संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपिए)ले गत माघमा प्रकाशन गरेको 'मातृ मृत्युदरको प्रवृत्ति' अध्ययनअनुसार विश्वमा प्रत्येक दुई मिनेटमा एक आमाको मृत्यु भइरहेको छ । अर्थात् हरेक दिन झण्डै ८०० जना आमाले अकालमा ज्यान गुमाइरहेका छन् । सन् २००० देखि २०२० सम्म मातृ मृत्युदरसम्बन्धी विश्वव्यापी उक्त अध्ययनअनुसार सन् २०२० मा मात्रै विश्वभर करिब दुई लाख ८७ हजार मातृ मृत्यु भएको उल्लेख छ ।

**गर्भपतनले ल्याएर सुधार**

मातृ मृत्यु अति उच्च हुनका कारणहरूमध्ये असुरक्षित गर्भपतन एउटा प्रमुख कारणको रूपमा रहेको छ । विभिन्न अध्ययन, अनुसन्धानहरूले पनि गर्भपतन र मातृ मृत्युदरबीच घनिष्ठ सम्बन्ध रहेको देखाएका छन् । अस्पतालमा आधारित एक अध्ययनबाट अस्पतालमा हुने कूल मृत्युमध्ये आधाभन्दा बढी मातृ मृत्यु गर्भपतनका कारणले हुने गरेको छ । त्यसैले देशमा विद्यमान मातृ मृत्युदरको उच्च अवस्थालाई न्यून गर्न एउटा उपाय भनेको सुरक्षित र कानुनी गर्भपतनको सुविधा दिनुपर्छ भनेर मैले १९८२ मै अभियान सुरु गरेको थिएँ । त्यतिबेला मेरो कुरालाई धेरैले राम्रो मानेका थिएनन् । मैले देशका विभिन्न ग्रामीण बस्तीहरूमा असुरक्षित ढंगबाट गर्भपतन गराइएका र त्यसले मातृ मृत्युदरलाई बढाएको हुँदा गर्भपतनलाई कानुनी मान्यता दिनुपर्छ भनेको थिएँ । सुरक्षित गर्भपतले मातृ मृत्युदरलाई कम गर्न सकिन्छ भन्ने मेरो ठम्याइ थियो । यसलाई ५० प्रतिशतमात्रै घटाउन सकियो भने पनि ठूलो उपलब्धि हुन सक्दछ भनेर मैले लगातार सुरक्षित गर्भपतनको कानुनी मान्यताको वकालत गर्दै रहेँ ।

जे होस् १३ वर्षपछि सन् २००२ मा मुलुकी ऐनको एघारौं संशोधन गरी सरकारले कानुन ल्यायो । गर्भावस्था समाप्त गर्नका लागि सुरक्षित विकल्पहरू भएका महिलाहरू, जसले असुरक्षित गर्भपतनसँग सम्बन्धित अनुचित मृत्युको संख्या घटाएको छ तर अहिले २८ हप्ताको पनि गर्भपतन गर्न सकिने गरी कानुन संशोधन गरिएको छ, त्यो आमाको स्वास्थ्यका लागिमात्र नभएर शिशुको जन्मन पाउने अधिकारको पनि ठाडो उल्लंघन हो । किनकि २६ हप्ताकै गर्भलाई सकुशल जन्माउन सकिन्छ ।

**मातृ मृत्युदर घटाउने उपाय**

सरकारको मातृ सुरक्षा योजना प्रशंसनीय छ । त्यतिले मात्र पुग्दैन । मातृ मृत्युदर घटाउन स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । पढेका मानिस बाहिर जाने क्रमले जनशक्ति अभाव भएको छ । कुनै पनि सरकारी अस्पतालमा शल्यक्रियाका लागि छ महिनाभन्दा बढी समय कुर्नुपर्ने अवस्था छ । त्यसैले मातृ मृत्युका बृहत् निर्धारकलाई उचित सम्बोधन गर्नेगरी रणनीति तथा कार्यक्रम निर्माण गर्नुपर्ने, राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हवाई एम्बुलेन्स कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनुपर्ने, दक्ष जनशक्तिको उचित र शीघ्र व्यवस्थापन गरि नुपर्ने, सेवाको गुणस्तरमा थप पहल गरिनुपर्ने, विकासका सबै पहलमा स्वास्थ्यलाई केन्द्रबिन्दुमा राखिनुपर्ने देखिन्छ ।

सरकारले दिगो विकास लक्ष्यअन्तर्गत सन् २०३० सम्म मातृ मृत्युदर ७० जना प्रतिलाखमा झार्ने लक्ष्य राखेको छ । स्वास्थ्य क्षेत्रमा पाँच प्रतिशतभन्दा कम बजेट विनियोजन गरिएबाट यो लक्ष्य हासिल गर्न सम्भव छैन । समाज स्वस्थ्य नभएसम्म स्वास्थ्य बच्चा जन्माएर उचित शिक्षाको बन्दोबस्त गर्न सकिँदैन । देशका विकट ठाउँहरूमा सुलभ र गुणस्तरीय स्वास्थ्य संस्था स्थापनासँगै गर्भावस्थाको पहिचानदेखि आमार बच्चाको अवस्था थाहा पाउने जनशक्ति र उपकरणको व्यवस्था हुनु पर्दछ । त्यस्ता स्वास्थ्य संस्थामा भिडियो एक्सरे, ल्याबको व्यवस्था भएमा शिशु र आमाको स्वास्थ अवस्था जानकारी हुन्छ र समयमै सुरक्षित ढंगबाट बच्चा जन्माउन सकिन्छ ।

सुत्केरी अवधिमा हुने मृत्युलाई मात्रै मातृ मृत्युका रूपमा हेरिएको हुँदा सुत्केरी अगावै वा भइसकेपछिको स्वास्थ्य स्थितिमा ध्यान नदिने परिपाटीको अन्त्य हुनु जरुरी छ । गर्भवतीमा जटिलता देखिए स्वास्थ्य संस्था गइहाल्ने, समयमै स्वास्थ्य संस्थामा गएर प्रसूति हुने, खानपान र आराममा ध्यान दिने हो भने मातृ मृत्यु घटाउन सहज हुने देखिन्छ । मातृ मृत्यु घटाउन स्थानीय तह र स्वास्थ्य संस्थाको भूमिका महत्तवपूर्ण रहन्छ । उचित समयमा रेफर नहुँदा गर्भवती आमाको मृत्यु हुने, शिशुको मृत्यु हुने, अस्वस्थ शिशुको जन्म हुने समस्या देखिएको छ । प्रसूति समयमा घरबाट स्वास्थ्य संस्था लैजाँदा एम्बुलेन्स खोज्दा, एउटा स्वास्थ्य संस्थाबाट अर्कोमा लग्ने क्रममा ढिलाइ हुँदा आमा र शिशुको मृत्यु हुने घटना देखिएकाले स्थानीयस्तरमै गर्भवतीलाई परीक्षण र प्रसूति हुन स्वास्थ्य संस्था लैजान चेतना प्रवाह गर्ने, शून्य होम डेलीभरी कार्यक्रम सञ्चालन गर्न सक्दछन् ।

*(वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा रिजालसँग रासससे गरेको कुराकानीमा आधारित)*

## मननयोग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' क्रमशः

## पत्र-मञ्जुषा

# मौद्रिक नीति खुकुलो बनाउँदैमा बढ्ने छैन घरजग्गा कारोबार

अहिले अर्थविद्, विज्ञहरू राष्ट्र बैंकले मौद्रिक नीति खुकुलो ल्याएमा आफैं घरजग्गा, गाडी र सेयर पहिलाको लयमा फर्किन्छ भनिरहेका छन् । अर्थविद्, विज्ञहरूमा किताबी ज्ञानमात्र देखियो, व्यावहारिकता देखिएन । मानिसले पढेको कुरा व्यवहारमा उतार्नुपर्छ । तर, यहाँ त बजारको अवस्थाबारे अध्ययन नै नगरी विज्ञ, अर्थविद्हरू मनलाग्दी बोलिरहेका छन् । बैंकहरू सर्वसाधारण जनता कर्जा माग्न आएनन् भन्छन् । बैंकले लाखौं ऋणीलाई सडकछाप बनाएको छ ।

करोडको धितो लाखमा पचाएका छन् । अनि को जान्छ बैंकमा ऋण लिन ? जानीजानी कोही कुँवामा हाम फाल्न जान्छ र ? अहिले बैंकमा कर्जा लिन जानु भनेको आफूले आफूलाई सकाउनु हो । बैंकले मानिसले उठीबास मात्र लगाएको छैन । कतिपयले वंश नै नाश भएको छ । बैंककै कारण धेरै जनता आत्महत्या गर्न बाध्य भएका छन् ।

उनीहरू आफू त मर्छन् नै सँगै आफ्ना परिवार पनि सिध्याउँछन् । अब राष्ट्र बैंकले घरजग्गा, गाडी र सेयरमा कर्जा प्रवाह जतिसुकै खुकुलो बनाएपनि सर्वसाधारणले लगानी गर्ने छैनन् । हिजो सीधासाधीलाई दलालीहरूले नराम्ररी फसाए । घरजग्गा, गाडी र सेयरमा लगानी गर्दा राम्रो आम्दानी हुन्छ भन्दै दलालीहरूले जनता डुबाए ।

दलालीहरू आफू त उम्किए । अहिले घरजग्गा, गाडी र सेयरमा मन्दी आउँदा बैंकबाट ऋण लिएर यसमा लगानी गर्नेहरू मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन् । हिजो नै घरजग्गा, गाडी र सेयरमा यसरी मन्दी आउँछ, मूल्य घट्छ भनेर थाहा पाएको भए कसले यसमा लगानी गर्थ्यो र ? सेयरमा ६५ लाख सर्वसाधारणको लगानी छ ।

उनीहरू सबै डुबेका छन् । बैंकले १०० रूपैयाँमा निष्काशन गरेको सेयर दलालीले उनीहरूलाई ३५ सयदेखि पाँच हजार रूपैयाँमा बेचे । अहिले १०० रूपैयाँ कित्तामासमेत सेयर बिक्री हुँदैन । यता, आनाको लाख नपर्ने खेतीयोग्य जमिनलाई करोड हालेर किन्दा पनि त्यत्तिकै डुबेका छन् । गाडीमा पनि यस्तै छ । एक लाख नपर्ने गाडी बिसौं लाखमा खरिद गर्दा अधिकांश नराम्ररी फसेका छन् ।

अहिले बजारमा घरजग्गा, गाडी र सेयर बिक्री गर्न चाहने यत्तिकै भेटिन्छन् । तर, किन्ने कोही छैन । मालपोत र यातायात कार्यालयका कर्मचारीहरू सेवाग्राही कोही नआएपछि झिँगा धपाएर बसिरहेका छन् । लेखनदास, कानुन व्यवसायीहरूको पनि काम ठप्पै भएको छ । मुलुकभित्र जनता छन् । बाटोमा मानिसको चाप थेगिनसक्नु छ । यद्यपि, घरजग्गा, गाडी र सेयर किन्ने कोही छैन । किनकि एकातिर मानिमसँग पैसा छैन, अर्कोतिर अझै घरजग्गा, गाडी र सेयरको मूल्य घट्ने जोखिम छ ।

मुलुकमा ठूलो आर्थिक मन्दी आउँछ भनेर सबैले थाहा पाइसकेका छन् । अझै पनि अर्थविद्, विज्ञहरू भने राष्ट्र बैंकले मौद्रिक नीति खुकुलो ल्याएमा अर्थतन्त्र चलायमान हुने बताउँछन् । मानिसको उचाइ पनि बढ्ने एउटा निश्चित उमेर हुन्छ । सो उमेर कटेपछि मानिस चाहेर पनि बढ्न सक्दैन । त्यसरी नै घरजग्गा, गाडी र सेयरको पनि मूल्य बढ्ने सीमा सकिसकेको छ । चार दशकअघि काठमाडौं उपत्यकासहित देशभर जग्गाको मूल्य कति थियो ? सेयरको मूल्य कति थियो ? र, गाडीको मूल्य कति थियो ? यो अर्थविद्, विज्ञहरूले बुझेनन् । के सधैंभरि घरजग्गा, गाडी र सेयरको मूल्य बढिरहन्छ ? ८०-८५ वर्ष उमेरका बूढाबूढीहरू भन्छन्, 'हामी यहीं जन्मिएका हौं । ०३५ सालमा माइतीघरदेखि तीनकुनेसम्म सडककै दायाबायाको जग्गा रोपनीको लाख रूपैयाँ थियो ।'

एक रोपनीमा १६ आना जग्गा हुन्छ । तर, अहिले त्यहाँ जग्गा आनाकै करोड पर्छ । ०३९ वर्षसम्म सरकारले अन्य मुलुकलाई खाद्यान्न बेच्थ्यो । कतिपय अवस्थामा खाद्यान्न अनुदानमासमेत दिन्थ्यो । अहिले विदेशीले खाद्यान्न नपठाए हामी नेपाली जनता भोकभोकै मर्नुपर्ने अवस्था छ । देशको खेतीयोग्य जमिन सबै प्लाटिङले सकिएको छ । खेतीयोग्य जमिनमा घर र बाटो बनाइएको छ । ०३५ सालमा काठमाडौंमा रोपनीको एक लाखमा किनेको जग्गा तीन वर्षअघि बेचेको भए ९६ करोड आउँथ्यो । तर, अहिले त्यो जग्गा सस्तोमा दिन्छु भन्दासमेत बिक्री भइरहेको छैन । घरजग्गा, गाडी र सेयरको मूल्य बढाउनुमा दलालीहरूको हात रहेको थियो । दलालीहरूले यसको मूल्य बढाउँदै लगे जनता फस्दै गए अनि सरकार राजस्व उठाउँदै गयो ।

सरकारले पनि बेलैमा ध्यान दिएन । दलालीहरूलाई जनता ठग्न छुट दियो । आज दलालीहरूकै कारण घरजग्गा, गाडी र सेयरमा लगानी गर्नेसँगै सहकारीमा बचत गरेका सर्वसाधारण समेत डुबेका छन् । अर्थविद्, विज्ञहरूको भनाइमा जनता अझै पनि मूर्ख छन् । र, अब पनि घरजग्गा, गाडी र सेयर किन्छन् ।

त्यसैले, उनीहरू मौद्रिक नीति खुकुलो बनाउन राष्ट्र बैंकलाई दबाब दिइरहेका छन् । हिजो बैंक तथा वित्तीय संस्थाहरूले सर्वसाधारणलाई ठग्नु ठगे, लुट्नु लुटे । करोडको धितो राखेर लाख रूपैयाँ ऋण दिए । चर्को सेवा शुल्क, ब्याज र घूस खाए । अनि तीन किस्ता नतिर्नेबित्तिकै ऋणीको उठीबास लगाए ।

बैंक तथा वित्तीय संस्थाको सबै कर्जा लगानी घरजग्गा, गाडी र सेयरमै छ । फेरि यी तीन क्षेत्रमा अहिले मन्दी छ । अहिले बैंकको आम्दानी घट्दै गएको छ भने खर्च बढ्दो छ । यसैले, सहकारीजसरी बैंक पनि डुब्ने आशंका छ । बैंकले लिलाम गरेको घरजग्गा, गाडी र सेयर किन्ने कोही छैन । बैंकका कर्मचारीहरू होटल, रेस्टुरेन्ट, सार्वजनिक स्थलहरूमा ग्राहक खोजेर हिँडिरहेका छन् ।

बैंकहरूले जनताको विश्वास गुमाइसकेका छन् । जनता यिनीहरू नंगिइसकेका छन् । बैंककै कर्मचारीहरूले बचतकर्ता रकम हिनामिना गरेको कतिपय घटना बाहिरिएका छन् । यता, करोडौंको धितो लाखमा पचाएर ऋणीलाई धोती न टोपीको बनाइदिएका छन् । ठगहरूले क्षणिक समयमा मात्र ठग्न सक्छन् । किनकि ढिलो चाँडो सत्यको जित भएरै छोड्छ, । सर्वसाधारणले घरजग्गा, गाडी र सेयर नकिन्दा र बैंकमा ऋण लिन नजाँदा यिनीहरूको ठगीधन्दा पनि बन्द भएको छ । अब यिनीहरूले जनता ठग्न जस्तोसुकै नयाँ पोलिसी वा जुक्ति लगाएपछि सर्वसाधारण फस्ने छैनन् ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# कर्णाली बजेट दुई अर्बले घट्यो, पूर्वाधार विकास प्राथमिकतामा



■ हेमन्त केसी

**काँक्रेविहार (सुर्खेत)**– कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३१ अर्ब ४१ करोड रूपैयाँबराबरको बजेट ल्याएको छ । प्रदेशसभामा शनिबार प्रस्तुत बजेटमा पुँजीगततर्फ १८ अर्ब ७५ करोड आठ लाख, चालुतर्फ सात अर्ब ५७ करोड ५५ लाख, वित्तीय व्यवस्थापनतर्फ २५ करोड तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण शीर्षकमा चार अर्ब ८३ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

प्रस्तुत बजेट चालु आवको भन्दा दुई अर्ब रूपैयाँले कम हो । चालु आवका लागि ३३ अर्ब रूपैयाँको बजेट कार्यान्वयनमा छ । अर्थमन्त्री महेन्द्र केसीले 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी'को नारालाई सार्थक तुल्याउने उद्देश्यसहित बजेट ल्याइएको बताए । साथै बजेट सात उद्देश्य, सात प्राथमिकता र सात रणनीतिक क्षेत्र निर्धारण गरी ल्याइएको उनले बताए । प्रदेशको गरिबी घटाउन बजेटले ध्यान दिइएको उनले बताए ।

बजेट भौतिक पूर्वाधार क्षेत्रलाई प्राथमिकतामा राखेर ल्याइएको छ । केही पुराना कार्यक्रमलाई निरन्तरता दिइएको छ भने केही नयाँ कार्यक्रम पनि समावेश गरिएका छन् । विगतदेखि नै सञ्चालनमा रहेको मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि एक अर्ब १६ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । 'गरिबी निवारण र रोजगारी प्रदेश सरकारको जिम्मेवारी' कार्यक्रमबाट १६ हजार बेरोजगारलाई आंशिक रोजगारी प्रदान गर्ने लक्ष्य छ ।

चालु आवको तुलनामा कृषि मन्त्रालयलाई कम बजेट विनियोजन गरिएको छ । भूमि, व्यवस्था, कृषि मन्त्रालयका लागि एक अर्ब ८६ करोड रूपैयाँ विनियोजन गरिएको छ । उद्यमशीलतासम्बन्धी कार्यक्रम विगतभन्दा केही सुधार गरेर भएका छन् भने दलित आयआर्जन कार्यक्रमका लागि पाँच करोड रूपैयाँ विनियोजन भएको छ ।

बजेटमा निजी क्षेत्रसँगको सहकार्यमा वीरेन्द्रनगरका उत्तरी क्षेत्रलाई 'हिल स्टेसन'का रूपमा विकास गरी 'हाइकिङ' क्षेत्रका रूपमा विकास गरिने नयाँ योजना समावेश गरिएको छ । रारा, काँक्रेविहार, बुलबुले उद्यान र स्यापुताललगायत पर्यटकीयस्थलको गुरुयोजना कार्यान्वयन गर्न १४ करोड रूपैयाँ विनियोजन गरिएको छ । कर्णालीलाई जडीबुटीको केन्द्रका रूपमा विकास गर्न केही रकम छुट्याइएको छ भने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका लागि एक अर्ब ९४ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

अन्तरप्रदेश सडक निर्माण गर्न ३९ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । अहिलेसम्म स्थानीय तहको केन्द्रसम्म सडक नपुगेका पालिकाका केन्द्रमा सडक सञ्जाल जोडिने महत्त्वाकांक्षी योजना बजेटमा समेटिएका छन् । सडक र पुल निर्माण गर्न ६८ करोड ९७ लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

बजेटमा डोल्पाको रिग्मो बस्ती विकासका लागि ८६ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । यो कार्यक्रम विगतदेखिकै निरन्तरता हो । विपन्नका घर निर्माणलाई निरन्तरता दिइएको छ भने जनता आवास कार्यक्रमलाई पनि समावेश गरिएको छ । सुरक्षित बस्ती निर्माणलाई पनि यथावत् राखिएको छ ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयलाई आगामी आवका लागि १० अर्ब ४६ करोड रूपैयाँ विनियोजन गरिएको छ । स्वास्थ्यतर्फ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ब्लड बैंक स्थापना गर्नेदेखि सार्वजनिक स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई पोषणभत्ता उपलब्ध गराइनेलगायत कार्यक्रम बजेटमा छन् । स्वास्थ्यतर्फ पनि धेरैजसो विगतका कार्यक्रमलाई निरन्तरता दिइएको छ । 'कर्णाली स्वास्थ्य नागरिक अभियान' कार्यक्रमका लागि आठ करोड रकम विनियोजन गरिएको छ ।

आगामी आवमा ३७० वटा विद्यालयको भौतिक सुधारका लागि एक अर्ब १० करोड रूपैयाँ रकम विनियोजन गरिएको छ । भूकम्पबाट भत्किएका शिक्षण संस्था निर्माण गर्न ५० करोड रूपैयाँ छुट्याइएको छ । शिक्षासम्बन्धी यसअघिको नीति तथा कार्यक्रममा समाविष्ट अधिकांश नारा र कार्यक्रमलाई यो बजेटमा पनि निरन्तरता दिइएको छ ।

बजेट वक्तव्यअनुसार कर्णाली प्रदेशको भाषा, साहित्य संरक्षणका लागि ऐन निर्माण तथा कला, संस्कृतिको संरक्षणमा जोड दिइएको छ । सामाजिक विकास मन्त्रालयका लागि पाँच अर्ब ७२ करोड रूपैयाँ विनियोजन गरिएको छ । जलविद्युत् क्षेत्रमा 'कर्णालीको पानी, जनताको लगानी' नाराका साथ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका लागि दुई अर्ब ८६ करोड रूपैयाँ रकम विनियोजन गरिएको छ । विपद् व्यवस्थापनको क्षेत्रमा पनि केही कार्यक्रम समेटिएका छन् । विपद् व्यवस्थापन कोष र घर बीमा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई आगामी वर्षका लागि २९ करोड ६४ लाख रूपैयाँ विनियोजन गरिएको छ । जुन विगतभन्दा कम हो । बजेट वक्तव्यमा गाई, भैँसीपालन गर्ने किसानलाई प्रोत्साहन गर्न दूध उत्पादन तथा बिक्रीवितरणका आधारमा साविकको कर्णालीका किसानलाई प्रतिलिटर दूधमा १० रूपैयाँ र जाजरकोट, दैलेख, सल्ल्यान र सुर्खेतका किसानलाई प्रतिलिटर पाँच रूपैयाँ उत्पादनका आधारमा प्रदान गरिने अनुदानको व्यवस्थालाई निरन्तरता दिइएको छ ।

प्रदेश सरकारले निर्माण गरेका शीतभण्डार, संकलन केन्द्र, उच्च प्राविधिका नर्सरीको स्तरोन्नति गरी सञ्चालनमा ल्याइने तथा सम्भाव्यता अध्ययनका आधारमा डोल्पालगायत हिमाली जिल्लामा अंगुर प्रशोधन, भेडा च्यांग्राको ऊन तथा पस्मिनाबाट कपडा, गलैचा, राडीपाखी बनाउने उद्योगको विकास र बजारीकरण गरिने बजेट वक्तव्यमा उल्लेख छ । मुख्यमन्त्री डिजिटल शिक्षण सिकाइ कार्यक्रमका लागि १० करोड रूपैयाँ रकम विनियोजन गरिएको छ ।

स्थानीय तहसँगको सहकार्यमा हिमाली जिल्लामा आवासीय विद्यालय निर्माण गर्न दुई करोड ५० लाख रूपैयाँ विनियोजन भएको छ । 'एक जिल्ला, एक उद्यम' विकास कार्यक्रम सञ्चालनमा ल्याउने बजेटमा उल्लेख छ । मानव सेवा आश्रमको पूर्वाधार विकास निर्माणका लागि एक करोड रूपैयाँ रकम विनियोजन गरिएको छ । कर्णाली प्रदेशलाई भाषा, कला र संस्कृतिको अनुपम प्रदेशका रूपमा विकास गर्नका साथै बिजुली नपुगेका स्थानमा ग्रामीण विद्युतीकरण कार्यक्रम सञ्चालन गर्न १४ करोड ७६ लाख रूपैयाँ विनियोजन गरिएको छ । *रासस*

# बर्थिङ सेन्टर सञ्चालनपछि महिला खुसी

**महोत्तरी (प्रस)**– जिल्लाको महोत्तरी गाउँपालिकामा बर्थिङ सेन्टर सञ्चालनमा आएपछि यहाँका महिला खुसी भएका छन् । वर्षौंदेखि प्रसूति सेवा लिन महिला छ किलोमिटर टाढा रहेको जिल्ला सदरमुकाम जलेश्वर तथा १८ किलोमिटर टाढा रहेको जनकपुर जाने गरेकामा स्थानीयस्तरमा बर्थिङ सेन्टर सञ्चालनमा आएपछि सहज भएको हो ।

शनिबार महोत्तरी-३ स्थित डाम्हीमडै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालनमा आएको हो । आफ्नै गाउँठाउँमा प्रसूति सेवा पाउनुपर्ने स्थानीय महिलाको वर्षौंको माग सम्बोधन भएको गाउँपालिकाका अध्यक्ष दिलीपकुमार पाण्डेले बताए । यहाँ आयोजित कार्यक्रममा बर्थिङ सेन्टर उद्घाटन गर्दै उनले प्रसूति सेवा लिन अब मधेस प्रदेशको राजधानी जनकपुर वा अन्यन्त्र जाने बाध्यता अन्त्य भएको जानकारी दिए । अध्यक्ष पाण्डेले असार १ गतेदेखि असार मसान्तसम्म यस बर्थिङ सेन्टरमा जन्मिने शिशुलाई प्रतिशिशु पाँच हजार १०० रूपैयाँका दरले उपहार दिने घोषणा गरे ।

उक्त बर्थिङ सेन्टरमा गर्भवतीका लागि नियमित गर्भजाँच, सुत्केरी जाँच तथा प्रसूति सेवा उपलब्ध गराइएको छ । बर्थिङ सेन्टर सञ्चालनमा आएसँगै गर्भजाँचसम्बन्धी सामान्य सुविधाबाट वञ्चित रहेका यहाँका स्थानीय महिलाले नियमित गर्भजाँचसम्बन्धी सम्पूर्ण सेवा पाउने अध्यक्षको पाण्डेको भनाइ छ ।


## लुम्बिनी विकास बैंक लिमिटेडको निक्षेप उपर हकदाबी सम्वन्धी ३५ दिने सूचना

यस विकास बैंकको कुमारीपाटी शाखा कार्यालयका खातावाला रत्न मान शिल्पकारको नाति, मोहन लाल शिल्पकारको छोरा, कृष्ण लक्ष्मी शिल्पकारको पति, बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ५ बस्ने मोति लाल शिल्पकारको मिति २०८०/१०/२९ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस विकास बैंकमा रहेको निक्षेप खाताको रकम भुक्तानी पाउँ भनी निजको पत्नी कृष्ण लक्ष्मी शिल्पकार र छोरा श्रीजेश लाल शिल्पकारले यस विकास बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अग्र प्राथमिकतामा कोही कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित हकदाबी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदन माग बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

लुम्बिनी विकास बैंक लि. Lumbini Bikas Bank Ltd. निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६
फ्याक्स नं. ०१-४५१३५२६



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AFFAN HOSPITALITY AND SERVICE
पूर्व स्वीकृति मिति २०८१/०३/०२ LT. No.306524 चलानी नं: ६०२२१२७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 0 | 2500 | ९१,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Clean Worker | 2 | 0 | 1100 | ४०,३१५ | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2500 | ९१,६३० | | | | | | | |
| 4 | General Clean Worker | 2 | 3 | 1100 | ४०,३१५ | | | | | | | |
| 5 | Labour | 4 | 0 | 1000 | ३६,६५० | | | | | | | |
| 6 | Labour Services | 3 | 0 | 1000 | ३६,६५० | | | | | | | |
| 7 | Receptionist | 0 | 1 | 2000 | ७३,३०५ | | | | | | | |
| 8 | Supervisor | 1 | 0 | 2500 | ९१,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम ईजाजत नं. १३०२/०७४/०७५



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LANDMARK RETAIL INVESTMENT CO. L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/०३/०२ LT. No. 306641 चलानी नं. ६०२२१२७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenters | 100 | 0 | 1500 | ५४,४५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Dc Assistant | 100 | 0 | 1100 | ३९,९३५ | | | | | | | |
| 3 | Light Duty Driver | 10 | 0 | 2500 | ९०,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Golden Gateway Internatioal P. Ltd.
P.o.Box. No. 10443, Ekata Tole, Sinamangal-9, Kathmandu, Nepal
Tel No. +977-1-4448156, 4465976, E-mail : goldengatewayintenational@gmail.com
श्रम ईजाजत नं. १४४३/०७४/०७५



## कुवेत/साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREP FOOD SUPPLIES COMPANY
पुर्व स्वीकृति मिति २०८१/०२/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 305986 चलानी नं. ६०२२०७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |
| 3 | Commi 1. | 10 | 0 | 150 | ६५,३२० | | | | | | | |
| 4 | Cook | 10 | 0 | 250 | १०८,८८५ | | | | | | | |
| 5 | Labor | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |

कम्पनी : DUBAI OASIS COMPANY
पुर्व स्वीकृति मिति २०८१/०२/०९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 305143 चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES
पुर्व स्वीकृति मिति २०८०/१२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 303173 चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : MAWARID SERVICES COMPANY LLC
पुर्व स्वीकृति मिति २०८०/०८/२४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 296251 चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES
पुर्व स्वीकृति मिति २०८०/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ LT. No. 290613 चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 52 | 17 | 1200 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Future Star Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KENZ DOHA HYPERMARKET
पूर्व स्वीकृति मिति २०८१/०३/०१ LT. No.306501 चलानी नं. ६०२२११७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 6 | 0 | 1600 | ५८,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 3 | 0 | 1300 | ४७,६५० | | | | | | | |
| 3 | Grocer | 3 | 0 | 1300 | ४७,६५० | | | | | | | |
| 4 | Labour | 4 | 0 | 1300 | ४७,६५० | | | | | | | |
| 5 | Salesman | 7 | 0 | 1600 | ५८,६४५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EMPOWER HUMAN RESOURCES MANAGEMENT PVT. LTD
Govt. License No. 1150/073/074
Sinamangal – 09 Kathmandu Nepal, Tel: +977-01-4560541/42
E-mail : info@empowerhrnepal.com.np, empowerhr1150@gmail.com
Website : www.empowerhrnepal.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASYFKW LLTNZYFAT WKHDMAT AL DYAFH
पूर्व स्वीकृति मिति २०८१/०३/०२ LT. No. 306510 चलानी नं.६०२२१२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 4 | 1000 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np
Licence No.: 811/065/066



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HASHTANG HAIR SALON COMPANY FOR LADIES BEAUTY CHANDANI MANAGEMENT SERVICE PRIVATE LIMITED
पुर्व स्वीकृति मिति २०८१/०३/०२ LT. No. 306538 चलानी नं. ६०२२१२३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 150 | ६५,३२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 3 | 150 | ६५,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
श्रम ईजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com




## सरस्वती प्रतीक्षाको उपन्यास 'स्व' बजारमा

सरस्वती प्रतीक्षाद्वारा लिखित उपन्यास 'स्व' सार्वजनिक भएको छ । 'बुकहिल पब्लिकेसन प्रालि'ले प्रकाशनमा ल्याएको उपन्यास लेखिकाद्वय प्रतीक्षा र सगुना शाह तथा लेखक घनश्याम खड्काले संयुक्तरूपमा शनिबार सार्वजनिक गरे । उपन्यासमा वर्तमान मानिसभित्रका बेचैनी, अशान्ति, बेखुसी र अन्तरद्वन्द्वका एक र अनेक कथा तथा आफू आफैंसँग नहुँदा र आफू-आफूजस्तो नहुँदाका घटना तथा दुर्घटनालाई समावेश गरिएको छ ।







## काठमाडौंमा रुसी कविता वाचन

**काठमाडौं (प्रस)–** रुसका प्रसिद्ध कविहरूका नेपालीमा अनुदित करिब एक दर्जन कविता शनिबार काठमाडौंमा वाचन गरिएको छ । नेकपा एमालेको केन्द्रीय साहित्य, कला तथा संस्कृति विभागद्वारा आयोजित कार्यक्रममा नेपाली र रुसी दुवै भाषा-साहित्यमा सक्रिय स्रस्टाहरू डा. जंगल चौहान र जुगल भुर्तेलले ती कविताको प्रस्तुति गरेका हुन् । उनीहरूले कतिपय कविता रुसी भाषामै वाचन गरेका थिए ।

कार्यक्रममा रुसी साहित्यकार अलेक्सान्द्र सेर्गेएभिच पुस्किन, मोंन्तोभ, येशेनिन, पास्तरनाक, युघोर अलिसे, अनाकोइ लुनाकोब, भिक्टर जे, दुमौती बैजब, अनास्त्रा श्रेयगाभे, कातिरिना कोच्लुबालगायतका कविता अनुवादसहित प्रस्तुत गरेका थिए । देशभक्ति, क्रान्ति, प्रेम, वियोग, जीवन चिन्तनलगायत विधामा विषयविम्ब र प्रतीकात्मक रूपमा कविता प्रस्तुत गरिएको थियो ।

विभागका प्रमुख रघुजी पन्तले रुसमा निरंकुशता अन्त्यका लागि साहित्यकारहरूले वैचारिक योगदान दिएको र क्रान्तिले धेरै कवि जन्माएको सन्दर्भ उल्लेख गर्दै नेपाली साहित्यले त्यसबाट प्रेरणा लिन सक्ने बताए ।

# भानु स्मृति उद्यानमा थप पूर्वाधार निर्माण

**दमौली (तनहुँ)–** तनहुँको भानु नगरपालिका-४ पुरनडिहीमा निर्माणाधीन भानु स्मृति उद्यानमा पूर्वाधार निर्माणले गति लिएको छ । आदिकवि भानुभक्त आचार्यको जन्मथलोमा भानु स्मृति उद्यानअन्तर्गत विभिन्न संरचना बनिरहेको हो । आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शंकर रानाभाटले भानुभक्तको जन्मथलोलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाउने उद्देश्यसहित भानु स्मृति उद्यानमा पूर्वाधार निर्माण भइरहेको जानकारी दिए । उनका अनुसार उद्यानमा गत चैतदेखि पूर्वाधार निर्माण जारी छ ।

२०८० चैतमा स्मृति उद्यानको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिएको थियो । सोही बमोजिम यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थल बनाउने लक्ष्यसहित पूर्वाधार निर्माण थालनी गरिएको उनले बताए । उनका अनुसार यहाँ पहिलो चरणमा स्वागतद्वार, टिकट काउन्टर, पालेघर र शौचालय निर्माण गरिने छ । त्यसका लागि सहरी विकास मन्त्रालयमार्फत ७० लाख रूपैयाँ बजेट विनियोजन भएको छ । संघीय आयोजना कार्यान्वयन एकाइ कास्कीमार्फत उद्यानमा पूर्वाधार निर्माणको काम भइरहेको छ ।

आदिकवि जन्मस्थल विकास समितिको कार्यालयभन्दा एक किलोमिटर टाढा रहेको उक्त ठाउँमा भानु स्मृति उद्यान निर्माण थालिएको कार्यकारी निर्देशक रानाभाटको भनाइ छ । उनले भने, 'भानु जन्मस्थललाई साहित्यिक पर्यटनको थलो बनाउने उद्देश्यसहित विभिन्न पूर्वाधार निर्माण गर्दै जाने उद्देश्य राखिएको छ, सोही उद्देश्यलाई पूरा गराउनका भानु उद्यान निर्माण सुरु भएको हो ।'



विस्तृत अध्ययन प्रतिवेदन अनुसार उद्यान निर्माणका लागि करिब तीन करोड रूपैयाँ बजेट आवश्यक पर्ने जनाइएको छ । उद्यानमा भानुभक्त आचार्य, मोतीराम भट्ट र भानुभक्तलाई चिनाउने घाँसीको मूर्ति निर्माण गरिने छ । त्यस्तै हल, मन्दिर, पानीको फोहरा, सानो चिडियाखाना र बालबाटिका उद्यानमा निर्माण गरिने छ । जन्मस्थल विकास समितिकै मातहत रहेको १४ रोपनी क्षेत्रफलमा उद्यान निर्माण थालिएको हो । गत वर्ष नै निर्माण सुरु भइसक्नुपर्नेमा मन्त्रालयबाट बजेट विनियोजन नहुँदा काम ढिलाइ भएको जनाइएको छ ।

जन्मस्थल विकास समितिकै सक्रियतामा चुँदीरम्घालाई सप्तधामका रूपमा विकसित गर्नका लागि गुरुयोजना बनाउने तयारी थालिएको छ । उनले भने, 'पर्यटकलाई आकर्षित गराउन चुँदीरम्घामा केही संरचनाहरू र विकासका काम गर्नुपर्नेछ, त्यसका लागि समितिसँग बजेट छैन । चुँदीरम्घाको विकासका लागि संघ र प्रदेश सरकारसँग बजेट माग गरेका छौं ।'

समितिले आदिकवि भानुभक्त आचार्यको पुरानो शैलीमा घर निर्माण गर्ने लक्ष्य राखेको छ । त्यसका लागि एक करोड रूपैयाँ बजेट आवश्यक पर्ने अनुमान गरिएको छ । शिखर कटेरीमा भानुभक्तको घर खण्डहरमा अवस्थामा छ । माटो र ढुंगाले बनेको घरको गाह्रो चारैतिर भत्केर भग्नावशेष मात्र बाँकी छ । घरभित्रै विभिन्न जातका ठूला-ठूला काँडासहितका बिरुवा हुर्केका छन् । भग्नावशेष हेर्दा घरको भित्ता जस्तो पनि देखिँदैन ।

वि.सं. २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा आदिकवि भानुभक्त नामक चलचित्र निर्माण गर्नका लागि भानुभक्तको घर पुनर्निर्माण गरिएको थियो । जंगलबीचको खरको छानोको घरमा वि.सं. २०६१ जेठमा आगलागी भएको थियो । शिखरकटेरीमा भानुभक्तको घर शिलान्यास भए पनि निर्माण कार्य अघि बढ्न सकेको थिएन । अब पश्चिमाञ्चल विकास मञ्चको लगानीमा भानुगृह निर्माणको तयारी थालिएको हो ।

२०७३ चैत २२ गते पश्चिमाञ्चल विकास मञ्चले भानुगृहको शिलान्यास गरेको थियो । विकास मञ्चले काममा ढिलाइ गरेपछि विकास समितिले आफ्नै सक्रियतामा घर निर्माण गर्ने तयारी थालेको थियो । तर विकास मञ्चले नै घर निर्माण गर्ने भएपछि समितिका तर्फबाट आवश्यक सहयोग रहने कार्यकारी निर्देशक रानाभाटले बताए ।

विकास समितिले शिखरकटेरीमा तारबार र सिसी क्यामरासमेत जडान गर्दै छ । यही ठाउँमा रामायण भवन निर्माण भइसकेको छ । जंगलको बीचमा भएकाले रामायण भवन संरक्षणविहीन अवस्थामा पुगेको छ । उनले भने, 'भानुगृहको काम सुरु भएपछि यस ठाउँको थप विकास हुनेमा आशावादी छौं, पानी र बत्तीको सुविधा पुगिसकेको छ ।' *रासस*

## रंगशाला

### टी-२० विश्वकप क्रिकेट

## बंगलादेशसँग खेल्दै नेपाल

**काठमाडौं (प्रस)–** आइसिसी विश्वकप क्रिकेट २०२४ अन्तर्गत समूह डी को आफ्नो अन्तिम खेलमा नेपालले आज बंगलादेशको सामना गर्दै छ । वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित अरनोस भाले रंगशालामा हुने उक्त खेल नेपाली समयअनुसार बिहान ५:१५ बजेदेखि सुरु हुने छ । अन्तिम आठमा स्थान बनाउने प्रतिस्पर्धाबाट बाहिरिसकेको नेपालका लागि उक्त खेल प्रतिष्ठाका लागि मात्र हुने छ । तर बंगलादेशका लागि भने निकै महत्त्वपूर्ण मानिएको छ ।




समूह डीबाट दक्षिण अफ्रिका आठ अंकका साथ शीर्ष स्थानमा रहँदै विश्वकपको दोस्रो चरणमा प्रवेश गरिसकेको छ । अब समूह डीबाट सुपर आठमा पुग्ने दोस्रो टोलीको टुंगो लाग्न बाँकी छ । नेपाललाई पराजित गरेमा बंगलादेश समूहको दोस्रो स्थानमा रहँदै अन्तिम आठमा प्रवेश गर्ने छ । अंक तालिकामा बंगलादेशको चार अंक छ ।

विश्वकपमा एक अंक बटुलेको श्रीलंका भने प्रतियोगिताबाट बाहिरिसकेको छ । नेदरल्यान्ड्सको सम्भावना भने कायमै छ । नेदरल्यान्ड्स दुई अंकका साथ अंक तालिकाको तेस्रो स्थानमा छ। नेदरल्यान्ड्स र श्रीलंकाबीचको खेल पनि आजै हुने छ । आजको खेलमा नेपाललाई बंगलादेशविरुद्ध १० वर्षअघि भोगेको हारको बदला लिने सुनौलो अवसर छ। नेपालले सन् २०१४ मा पहिलोपटक विश्वकपमा सहभागिता जनाउँदा बंगलादेशसँग पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको थियो ।

विश्वकपमा नेपालले यसअघि खेलेको तीन खेलमा दुई खेलमा हार तथा एक खेल बराबरी खेलेको थियो । नेपालले पहिलो खेल नेदरल्यान्ड्ससँग पराजित भएको थियो । श्रीलंकाविरुद्धको दोस्रो खेल वर्षाका कारण रद्द भएपछि दुवै टोलीले समान एक एक अंक बाँडेका थिए । त्यस्तै दक्षिण अफ्रिकाविरुद्धको तेस्रो खेलमा नेपाल एक रनले पराजित भएको थियो ।

## गण्डकीको बजेटमा खेलकुदलाई प्राथमिकता

### खेल क्षेत्रलाई नयाँ उचाइमा लैजान 'उचाइमा खेल, खेलमा उचाइ' कार्यक्रम

**कास्की (प्रस)–** गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षमा प्रदेशको खेलकुद विकासलाई प्राथमिकतामा राखेको छ । सरकारले विशेषगरी 'उचाइमा खेल, खेलमा उचाइ' कार्यक्रम सञ्चालन गरी खेल क्षेत्रलाई नयाँ उचाइमा लैजाने घोषणा गरेको हो ।



आर्थिक मामिला तथा योजनामन्त्री डा टकराज गुरुङले शनिबार आगामी आव २०८१/८२ को वार्षिक बजेट प्रदेशसभामा प्रस्तुत गर्दै उच्च उचाइ (हाइ अल्टिच्युड) खेल तालिम केन्द्रको पूर्वाधार निर्माणमार्फत खेल क्षेत्रलाई नयाँ उचाइमा लैजाने जानकारी दिए । प्रदेश सरकारका अघिल्ला वर्षका नीति तथा कार्यक्रम र बजेटमा हिमालपारिको जिल्ला मुस्ताङमा उच्च उचाइ खेल पूर्वाधार निर्माण गर्ने योजना पर्ने गरे पनि कार्यान्वयन हुन सकेको थिएन । मुख्यगरी जग्गा प्राप्तिलगायतका कारणले योजना अघि बढ्न सकेको छैन ।

मन्त्री गुरुङले आगामी वर्ष उच्च उचाइ खेल तालिम केन्द्रको निर्माण सुरु गरिने जानकारी दिए । 'उच्च उचाइ खेल तालिम केन्द्रको पूर्वाधार निर्माण गरी 'उचाइमा खेल, खेलमा उचाइ' कार्यक्रम सञ्चालन गर्नेछौं,' उनले भने । प्रदेश सरकारले खेलकुद क्षेत्रको विकास, विस्तार र सुदृढीकरणका लागि संघ र स्थानीय सरकारबीच सहकार्य र साझेदारी गरिने जनाएको छ । मन्त्री गुरुङले भने, 'सहकार्य र साझेदारी गर्दै खेलाडीहरूको व्यावसायिकता विकास, प्रशिक्षण र प्रोत्साहनका विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।'

## स्कटल्याण्डको हारपछि इंल्यान्ड सुपर आठमा

■ प्रभाव संवाददाता

### टी-२० विश्वकप क्रिकेट

**काठमाडौं–** आइसिसी टी-२० विश्वकप क्रिकेटअन्तर्गत समूह 'बी'बाट अस्ट्रेलिया र इंल्यान्ड विश्वकपको सुपर आठमा प्रवेश गरेका छन् । सेन्ट लुसियास्थित डारने शामी राष्ट्रिय क्रिकेट मैदानमा आइतबार बिहान सम्पन्न खेलमा अस्ट्रेलियाले स्कटल्यान्डलाई पाँच विकेटले पराजित गरेसँगै अस्ट्रेलिया र इंल्यान्ड विश्वकपको सुपर आठमा पुगेका हुन् ।





चार खेलमा आठ अंकका साथ शीर्ष स्थानमा रहँदै अस्ट्रेलिया सुपर आठमा पुगेको हो भने समान खेल खेलेको इंल्यान्ड पाँच अंकका साथ दोस्रो स्थानमा रहँदै सुपर आठमा पुग्न सफल भएको हो । समान पाँच अंक बटुलेको स्कटल्यान्ड नेट रनरेटका आधारमा तेस्रो स्थानमा रहेपछि सुपर आठमा पुग्न असफल भयो। सोही समूहमा रहेका स्कटल्यान्डसहित नामिबिया र ओमान भने विश्वकपबाट बाहिरिएका छन्। आइतबारको खेलमा स्कटल्यान्डले प्रस्तुत गरेको १८१ रनको लक्ष्य अस्ट्रेलियाले १९.४ ओभरमा पाँच विकेटको क्षतिमा पूरा गर्‍यो । उसका लागि ट्राभिस हेडले सर्वाधिक ६८ रनको योगदान दिए । उनले ४९ बलमा पाँच चौका र चार छक्काको सहायताले ६८ रनको योगदान गरेका हुन्।

मार्कस स्टोइनिसले २९ बलमा नौ चौका र दुई छक्काको मद्दतमा ५९ रन बनाए भने टिम डेविडले अविजित २४ रन जोडे । ग्लेन म्याक्सवेलले ११ रन बनाए । स्कटल्यान्डका लागि मार्क वाट र स्याफन शरिफले समान दुई/दुई विकेट लिए भने ब्राड ह्विलले एक विकेट झारे ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको स्कटल्यान्डले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १८० रनको योगफल बनाएको थियो । स्कटल्यान्डका लागि ब्रान्डन म्याकलमले सर्वाधिक ६० रनको योगदान दिए । उनले ३४ बलमा छ छक्का र दुई चौकाको मद्दतले सर्वाधिक ६० रनको योगदान गरेका हुन । कप्तान रिची बेरिंटनले ४२, ओपनर जर्ज मुन्सीले ३५ तथा म्याथु क्रसले १८ रन बनाए । अस्ट्रेलियाका लागि ग्लेन म्याक्सवेलले दुई विकेट लिँदा एडम जाम्पा, एस्टन अगर र नाथन एलिसले समान एक/एक विकेट लिए ।


**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : STAR CLEANING ESTABLISHMENT FOR MAINTENANCE AND CLEANING

पुर्व स्वीकृति मिति २०८१/03/0२ | LT. No. 306556 | चलानी नं. ६०२२१२४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 4 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : JAZ CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८१/03/0२ | LT. No. 306526 | चलानी नं. ६०२२१२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३५,५५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Load And Unload Worker | 39 | 0 | 1000 | ३५,५५५ | | | | | | | |
| 3 | Office And Facilities Cleaning Worker | 6 | 0 | 1000 | ३५,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SUMER CONTRACTING COMPANY LLC

पुर्व स्वीकृति मिति २०८०/११/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/0२ | LT. No. 300036 | चलानी नं ६०२१५०३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 25 | 0 | 900 | ३२,५५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 12 | 0 | 1200 | ४३,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम ईजाजत नं. ९८१/०६७/०६८
MAHAD MANPOWER PVT. LTD.
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : STARS BUILDING AND COMMERCIAL INSULATION EST

पुर्व स्वीकृति मिति २०८१/03/0२ | LT. No. 306586 | चलानी नं. ६०२२१२३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Pickup Driver | 1 | 0 | 1800 | ६३,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम ईजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np



इजरायलको जेरुसेलमस्थित पुरानो सहरको अल अक्सा मस्जिद परिसरमा आइतबार ईद अल–अधाको प्रार्थना गर्दै मुस्लिम धर्मावलम्बीहरू । *तस्बिर: सिन्ह्वा*

# नर्वेद्वारा युक्रेनलाई १० करोड ३० लाख डलर सहयोग

**ओस्लो–** नर्वेले युक्रेनको ऊर्जा पूर्वाधारको मर्मतसम्भार गर्न र आगामी हिउँदअघि नै देशको विद्युत् आपूर्ति सुरक्षित गर्न युक्रेनलाई १.१ अर्ब क्रोनर (१० करोड ३० लाख अमेरिकी डलर) उपलब्ध गराउने घोषणा गरेको छ ।

प्रधानमन्त्री जोनास गाहर स्टोरले एक वक्तव्य जारी गर्दै भनेका छन्, 'रूसले विद्युत उत्पादन केन्द्रलाई ध्वस्त बनाउन व्यापक तथा व्यवस्थित आक्रमण गरिरहेको छ । तर युक्रेनी अधिकारी र विदेशी सहयोगीले युक्रेनका लागि आवश्यक विद्युत् आपूर्ति कायम राख्न दिनरात काम गरिरहेका छन् । नयाँ अनुमानअनुसार युक्रेनको विद्युत् उत्पादन क्षमताको ५० प्रतिशतभन्दा बढी नष्ट भएको छ ।'

'हामी युक्रेनसँग यो कोषको प्रभावकारी प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा नजिकको संवादमा छौं । युक्रेनी आफैलाई



के आवश्यक छ भन्ने बारेमा सबैभन्दा राम्रो अन्तर्दृष्टि छ,' स्टोरले भने । जाडो सुरु हुनुअघि पूर्वाधार मर्मत सुरु गर्न महत्त्वपूर्ण छ । नर्वेले हालै रूसी आक्रमणबाट सबैभन्दा बढी प्रभावित खार्किभ क्षेत्रमा १२ करोड क्रोनर मर्मतका लागि जाने निर्णय भइसकेको जनाएको छ । स्वीट्जरल्याण्डमा युक्रेनको शान्ति शिखर सम्मेलनमा भाग लिने क्रममा स्टोरले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'खार्किभ क्षेत्रका सातवटा प्रसूति एकाइ र सञ्चालन थिएटरमा सौर्य प्यानल जडान गरिने छ ।

सन् २०२२ मा नर्वेले युक्रेनी ऊर्जा क्षेत्रमा दुई अर्ब १० करोड क्रोनर र गत वर्ष एक अर्ब ९० करोड क्रोनर अनुदान उपलब्ध गराएको थियो । स्क्यान्डिनेभियाली देशले युक्रेनलाई सन् २०२३ देखि २०२७ सम्मको पाँच वर्षको अवधिका लागि ७५ अर्ब क्रोनर सैन्य तथा नागरिक सहायता उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । *रासस/एएफपी*

## रूसी जेलका कर्मचारी आइएस कैदीको नियन्त्रणमा

**मस्को–** दक्षिणी रसियाको रोस्तोभको जेलमा इस्लामिक स्टेट (आइएस)का कैदीहरूले दुई जना जेलका कर्मचारीलाई बन्धक बनाएको रोस्तोभ जेलले आइतबार जानकारी गराएको छ । 'रोस्तोभ क्षेत्रको हिरासत केन्द्र नम्बर एकमा कैदीहरूले दुई जेल कर्मचारीलाई बन्धक बनाएका छन् ।

'बन्धकको रिहाइका लागि वार्ता भइरहेको छ,' जेल प्रशासनले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ । राष्ट्रिय समाचार संस्था, तासका अनुसार बन्धक बनाउनेहरू आतंकवादको आरोपमा अदालतमा उपस्थित गराउन बाँकी रहेका आइएसका सदस्यमध्ये हुन् । जिहादी संगठनले दाबी गरेको थुप्रै आक्रमणका लागि रूस लक्षित भएको छ ।

मस्को नजिकैको कन्सर्ट हलमा बन्दुकधारीहरूले मार्च २२ मा गोली चलाउँदा १४४ जनाको मृत्यु र सयौंभन्दा बढी घाइते भएका थिए । यो आक्रमण दुई दशकमा रूसी भूमिमा भएको सबैभन्दा घातक आक्रमण थियो । आइएसले आक्रमणको जिम्मेवारी लिएको थियो । त्यसपछि पूर्व सोभियत गणतन्त्र ताजिकिस्तानका चार संदिग्ध आक्रमणकारीसहित २० जनाभन्दा बढीलाई पक्राउ गरिएको थियो । *रासस/एएफपी*

## दोहा वार्तामा अफगानिस्तान सहभागी हुने

**काबुल–** कतारको राजधानी दोहामा हुने अफगानिस्तानसम्बन्धी तेस्रो चरणको वार्तामा तालिबान अधिकारीहरू सहभागी हुने भएका छन् । संयुक्त राष्ट्रसंघले आयोजना गरेको अफगानिस्तानका लागि विशेष दूतहरूको दुईदिने सम्मेलनमा तालिबान अधिकारीहरूको सहभागिता र पहिलो चरणमा समावेश नभएपछि र त्यसपछि फेब्रुअरीमा दोस्रो चरणको निमन्त्रणा अस्वीकार गरेपछि उनीहरूको सहभागितामाथि शंका गरिएको थियो ।

तालिबान सरकारका प्रवक्ता जबीहुल्लाह मुजाहिदले जुन ३० देखि सुरु हुने वार्ताबारे आइतबार एएफपीसँग भने, 'अफगानिस्तान (इस्लामिक इमिरेट्स)को एक प्रतिनिधिमण्डलले आगामी दोहा सम्मेलनमा भाग लिई आफ्नो धारणा राख्ने छ ।' रासस/एएफपी

## दक्षिणी गाजा क्षेत्रमा 'रणनीतिक विराम' गर्ने इजरायली सेनाको घोषणा

**जेरुसेलम–** इजरायली सेनाले आइतबार दक्षिणी गाजापट्टीको भागमा दिनको समयमा दैनिक सैन्य गतिविधिको 'रणनीतिक विराम' लागू गर्ने घोषणा गरेको छ । 'केरम सालोम सीमा पार गर्ने सालाह अल-दिन रोड र त्यसपछि उत्तरतर्फ जाने सडकमा अर्को सूचना नआएसम्मका लागि मानवीय सहायता पहुँच उद्देश्यका लागि हरेक दिन बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म सैन्य गतिविधिको रणनीतिक विराम हुने छ,' सेनाले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

संयुक्त राष्ट्र संघ र अन्य संस्थाहरूसँगको छलफलपछि गाजापट्टीमा प्रवेश गर्ने मानवीय सहायताको मात्रा बढाउने प्रयासको एक हिस्साको रूपमा यो निर्णय गरिएको हो । इजरायलले लामो समयदेखि केरेम शालोम सीमामार्फत सहायता वितरण सहज बनाउने प्रयासमा हस्तक्षेप गर्दै आएको छ । मानवअधिकार समूहहरूले महिनौंसम्म घेराबन्दी गरिएको प्यालेस्टिनी क्षेत्रमा खाना र अन्य आवश्यक वस्तुहरूको अभावबारेमा चेतावनी दिएका छन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार गाजामा पाँच वर्ष मुनिका आठ हजारभन्दा बढी बालबालिकाको तीव्र कुपोषणको उपचार गरिएको छ । अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूले इजरायल र हमासलाई अमेरिकी राष्ट्रपति जो बाइडेनको बन्धक-कैदी आदानप्रदान र सहायता वितरण युद्धविराम सम्झौताको प्रस्तावमा सहमत हुन दबाब दिइरहेका छन् ।

'गाजापट्टीभित्र अराजकता सक्रिय द्वन्द्वका कारण मानिसहरूको बढ्दो मागहरू पूरा गर्ने स्तरको सहायता प्रदान गर्न असम्भव हुँदै गइरहेको छ,' विश्व खाद्य कार्यक्रमका उपकार्यकारी निर्देशक कार्ल स्काउले भने । *रासस/एएफपी*

# चीनसँग अस्ट्रेलियाको व्यापारिक सम्बन्ध अझ प्रगाढ बनाइँदै



**सिड्नी–** चीनका प्रधानमन्त्री ली कियाङले अस्ट्रेलियासँगको तनावपूर्ण व्यापारिक सम्बन्धलाई थप सुदृढ बनाउन दुवै मुलुक लागिपरेको बताएका छन् । चीन-अस्ट्रेलियाबीच देखिएको व्यापार तनावपछि पछिल्लो सात वर्षमा अस्ट्रेलियाको भ्रमण गर्ने ली उच्च पदस्थ चिनियाँ अधिकारी हुन् ।

लीको चार दिने भ्रमणले प्रमुख अस्ट्रेलियाली निर्यातको शृंखलाविरुद्ध लगाइएका दण्डात्मक उपायहरू हटाउने र यसले चीनको अस्ट्रेलियासँगको व्यापार वृद्धिको सम्भावना बढाउने बेइजिङले विश्वास लिएको छ । चीन अस्ट्रेलियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो । उसले गत वर्ष प्रमुख वस्तुहरू फलाम, कोइला र खनिज पदार्थसहित आफ्नो निर्यातको लगभग ३० प्रतिशत हिस्सा ओगटेको थियो ।

सन् २०२३ मा दुईतर्फी व्यापार ३२७ अर्ब अस्ट्रेलियन डलर (२१६ अर्ब डलर) पुगेको थियो । सन् २०२० मा अतिराष्ट्रवादी चिनियाँ सरकारसँगको कूटनीतिक दरारका कारण चिनियाँ प्रतिबन्धका कारण कोइला, काठ, जौ, गाइका मासुकासाथै वाइनको निर्यातमा समस्या भएको थियो । ती प्रतिबन्धहरूले अस्ट्रेलियाली निर्यातकर्ताहरूलाई एक वर्षमा अनुमानित २० अर्ब अस्ट्रेलियाली डलर (१३ अर्ब अमेरिकी डलर) घाटा लागेको थियो । सन् २०२२ मा प्रधानमन्त्री एन्थोनी अल्बानेजको सरकारले सत्ता सम्हालेपछि र चीनप्रति नरम कूटनीतिक दृष्टिकोण अपनाएपछि क्रमशः ती वस्तुमा लगाइएको अतिरिक्त शुल्क हटाइएको छ । *रासस/एएफपी*

# हजको अन्तिम अनुष्ठान 'शैतानलाई ढुंगा प्रहार' गरी मनाइयो

**मिना, साउदी अरब–** विश्वभरका मुस्लिमहरूले ईद अल-अधा मनाउँदै गर्दा आइतबार साउदी अरबको पश्चिमी क्षेत्रमा तीर्थयात्रीहरूले 'शैतानलाई ढुंगा प्रहार' गरेर हजको अन्तिम प्रमुख अनुष्ठान मनाएका छन् ।

यस वर्ष तीर्थयात्रा गर्ने १८ लाख मुसलमान समुदायले बिहानैदेखि इस्लामको सबैभन्दा पवित्र सहर मक्का बाहिर अवस्थित मिना उपत्यकामा सैतानको प्रतीकका रूपमा निर्माण गरिएका तीनवटा पर्खालमा प्रत्येकले सात-सात वटा ढुंगा फ्याँकेर आक्रमण गर्ने छन् । अब्राहामले आफ्नो छोरालाई बलिदान गर्न खोजिएको तीनवटा स्थानमा सैतानलाई ढुंगा हानेर मारेको सम्झनास्वरूप यो परम्परालाई निरन्तरता दिइँदै आएको छ ।

सैतानलाई ढुंगा हान्ने यो परम्परालाई निरन्तरता दिने क्रममा भागदौड हुने र धेरै उपासकको मृत्यु हुनेसमेत गरेको छ । सैतानलाई ढुंगा हान्ने परम्परालाई निरन्तरता दिने क्रममा सन् २०१५ मा भागदौड मच्चिँदा दुई हजार ३०० उपासकको मृत्यु भएको थियो । त्यसबेलादेखि ठूलो भीडको आवागमनलाई सुव्यवस्थित बनाउन सो ठाउँलाई सुधार गरिएको छ ।

मिना र अराफातको बीचमा रहेको मुजदालिफाको मैदानमा ४६ डिग्री सेल्सियसको गर्मीमा बाहिर प्रार्थना गर्दै दिन बिताएका उपासकहरूले शनिबार राति ढुंगा जम्मा गरेर तारा मुनि सुतेका थिए । इजिप्टकी ५५ वर्षीया अमल माहरूसले भनिन्, 'धेरैका लागि इस्लामको सबैभन्दा पवित्र तीर्थहरूमा प्रार्थना गर्ने जीवनमा एक पटकको मौका हो त्यसैले उपासकहरूले कठोर परिस्थितिसँग जुध्न तयार छन् ।'

उनले आफ्नो भनाइलाई अगाडि जोडिन्, 'म निकै खुसी छु, यो स्थानले संसारभरका मुस्लिमहरूबीच कुनै भिन्नता छैन भन्ने देखाउँछ ।'

इस्लामका पाँच स्तम्भमध्ये एक मानिने हज (साधना) सबै मुस्लिमले कम्तीमा एक पटक गर्नुपर्ने विश्वास रहेको छ । ढुंगा प्रहार गर्ने अनुष्ठान बलिदानको भोज वा ईद अल-अधासँग मेल खान्छ जसमा आफ्नो छोरालाई बलिदान गर्ने अब्राहमको इच्छालाई सम्मान गर्दै भेडाको बली चढाइन्छ र यसलाई तीन भाग गरी परिवार, आफन्तजन र गरिबलाई बाँड्ने प्रचलन छ । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIRST SEASONS CO.FOR TOURISM

पूर्व स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 306581 | चलानी नं. ६०२२१२३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 5 | 0 | 1100 | ३९,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office and Facility Cleaning Worker | 5 | 0 | 1100 | ३९,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० देखि १२ गते (24- 26 June 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 771/065/066

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHUAA AL TARIQ TRADING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/३२ | LT. No. :306455 | चलानी नं. ६०२२११९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 12 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF KEY ESTABLISHMENT FOR CAR MAINTENANCE

पूर्व स्वीकृति मिति २०८१/०२/३२ | LT. No. 306462 | चलानी नं. ६०२२१२००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Worker | 8 | 0 | 1200 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BOTTEGA DESIGN & DECORATION

पूर्व स्वीकृति मिति: २०८०/०४/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 289603 | चलानी नं. ६०२०४८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 4 | 0 | 1300 | ४७,०४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Plumber | 2 | 0 | 1300 | ४७,०४० | | | | | | | |
| 3 | Tile Maker | 2 | 0 | 1300 | ४७,०४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।
नोट: यसै कम्पनिको लागि Gypsum Carpenter, Marble Mason तथा Finishing Carpenter पनि आवश्यक भएकाले जानकारीका लागि सम्पर्क गर्नसक्नु हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९३/०७३/०७४

Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REDA'A AL SUMOW MEN'S TAILORING

पूर्व स्वीकृति मिति २०८१/०३/०२ | LT. No.306434 | चलानी नं. ६०२२११८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 3 | 0 | 1400 | ४९,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1345/074/075

Al Amal Overseas Pvt. Ltd.
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४२८०० | प्रति तोला – १४२१०० | प्रति तोला – १८२० |



**दुर्लभ कृष्णसारको बच्चा** | बर्दियाको गुलरिया नगरपालिकास्थित खैरापुरको प्राकृतिक वासस्थान पाइने एन्टिलोप प्रजातिको दुर्लभ वन्यजन्तु कृष्णसारको बच्चा । प्रजाति लोप हुनबाट जोगाउन शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको फाँटामा स्थानान्तरण गरी संरक्षण भइरहेको छ । *तस्बिरः यादवप्रसाद आचार्य/रासस*

प्रतिनिधिसभा बैठक बजेटमाथि टिप्पणी

# 'प्रोजेक्ट बैंक' छाडेर 'पकेट बैंक'लाई आधार बनाइयो

■ प्रभाव संवाददाता



**काठमाडौं–** सत्ता साझेदार दल नेकपा (एमाले) का सांसद योगेशकुमार भट्टराईले बजेट निर्माणको प्रक्रियामा निकै ठूलो नीतिगत र संरचनागत परिवर्तन आवश्यक भएकामा जोड बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिँदै सांसद भट्टराईले तीन करोड रूपैयाँभन्दा माथिका मात्रै आयोजनालाई बजेटमा राख्ने प्रधानमन्त्री पुष्पकमल दाहालको प्रतिबद्धताविपरीत स-साना आयोजना राखेर बजेट पुस्तिकाको पाना भराइएकामा असन्तुष्टि व्यक्त गरे ।

पुँजीगत खर्च कम र वित्तीय खर्च धेरै भइरहेको अवस्थालाई सुधार ल्याउन आग्रह गर्दै सांसद भट्टराईले बजेट निर्माणका लागि 'प्रोजेक्ट बैंक'लाई पालना नगरी 'पकेट बैंक'लाई आधार बनाइएको टिप्पणी गर्दै सानातिना रकम आफ्नो निर्वाचन क्षेत्रमा लगेर चुनाव जितिन्छ भन्ने भ्रम त्याग्न आग्रह गरे । भन्सारमा अग्रिम कर लिने विषय राज्यको आम्दानी वृद्धि हुने हिसाबले ठिकै भए पनि यसले उपभोक्तालाई मारमा पार्ने उल्लेख गर्दै उनले बजेट निर्माणमा बहुपक्षीय र बहुआयामिक छलफल नभएकामा सरकारको ध्यानाकर्षण गराए ।

सांसद भट्टराईले ऊर्जा क्षेत्रलाई नेपालको समृद्धिको आधार बनाइएका सन्दर्भमा भारत र बंगलादेशलाई बिजुली बेच्ने तयारी हुनु सकारात्मक भएकाले लगानीका हिसाबले सहज हुने तमोर जलाशययुक्त आयोजनालाई अघि बढाउन सरकारसँग आग्रह गरे । उक्त आयोजना ताप्लेजुङ, पाँचथर र धनकुटा जिल्लामा पर्छ ।

### खर्च कटौतीको प्रस्ताव प्रस्तुत

प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूले विनियोजन विधेयक, २०८१ अन्तर्गत संघीय मामिला तथा सामान्य प्रशासन, ऊर्जा, जलस्रोत तथा सिँचाइ र अर्थ मन्त्रालयका विभिन्न शीर्षकमा खर्च कटौतीको प्रस्ताव प्रस्तुत गरेका छन् ।

बैठकमा नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले विनियोजन विधेयक, २०८१ अन्तर्गत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको शीर्षकको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गरे । उनले नीतिगत असहमतिको व्यहोरा प्रस्तुत गर्दै यस मन्त्रालयका पदाधिकारीहरूले पाउने विभिन्न शीर्षकको भत्ताको खर्च कटौती गर्नुपर्ने बताए ।

'पदाधिकारीहरूको पारिश्रमिक र अन्य तलबभत्तालगायत व्यवस्था गरिएको छ,' सांसद खतिवडाले भने, 'यसबाट खर्चमा अपारदर्शिता, फजुल खर्च देखिने हुँदा आव २०७९/८० मा एक लाख रूपैयाँ र आगामी आव २०८१/८२ मा पनि एक लाख रूपैयाँ विनियोजन गरिएको छ । तसर्थ यस शीर्षकलाई एक रूपैयाँ कायम गरियोस् ।'

सांसद खतिवडाले आगामी आव २०८१/८२ को बजेट संघ केन्द्रित भएको टिप्पणी गरे । 'हामीले स्थानीय तह बलियो बनाउनुपर्ने हो । तर स्थानीय तहभन्दा बजेट संघमा बढी केन्द्रित भएको छ,' उनले भने । सुशासन कायम गर्नुपर्नेमा जोड दिँदै सांसद खतिवडाले सरुवा बढुवामा पारदर्शिता हुनुपर्ने बताए । संघीय संसद्मा आन्दोलनरत कर्मचारीको माग सम्बोधनका लागि ध्यानाकर्षण गराउँदै सांसद खतिवडाले भने, 'संसद्मै कर्मचारीहरू कालोपट्टी बाँधेर बस्नुभएको छ । उहाँहरूको माग सम्बोधन हुनुपर्छ । संसद् चलाउन उहाँहरूको पनि आवश्यकता छ ।'

स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अर्थ मन्त्रालय शीर्षकको खर्च कटौती प्रस्ताव प्रस्तुत गरे । उनले बजेटमा सबै सांसदले अपनत्व ग्रहण गर्न नसक्ने टिप्पणी गरे । 'अर्थमन्त्रीको निर्देशनमा यो बजेट माओवादी केन्द्रका सांसद र व्यापारीले बनाएको जस्तो देखिन्छ,' उनको आरोप थियो । सांसद सिंहले साधारण खर्च कटौती गर्नसक्नुपर्ने उल्लेख गर्दै आर्थिक मन्दी हटाउने विषय बजेटले समेट्न नसक्ने बताए ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का सांसद प्रेम सुवालले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अर्थ मन्त्रालयका शीर्षकको खर्च कटौती प्रस्ताव प्रस्तुत गरे । उनले कर प्रणाली सुधारबारे बजेटमा स्पष्ट नभएको टिप्पणी गर्दै विद्युत्भार कटौतीका विषयमा ध्यानाकर्षण गराए ।

नेपाली कांग्रेसकी सांसद मुक्ताकुमारी यादवले ऊर्जा, जलस्रोत र सिँचाइ मन्त्रालयको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै शीर्षक नखुलेका रकममा व्यापक अनियमितता हुने गरेको भन्दै खर्च कटौतीको माग गरिन् । तराई-मधेसमा सिँचाइको समस्याबारे सरकारको ध्यानाकर्षण गराउँदै सांसद यादवले सिँचाइ र विद्युत् मिटर निःशुल्क गर्न माग गरिन् । दुई सयभन्दा बढी पालिकामा प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेकोप्रति उनले ध्यानाकर्षण गराइन् । तुरुन्तै प्रतिफल दिने आयोजनामा अर्थ मन्त्रालयले लगानी गर्नुपर्ने सांसद यादवको भनाइ थियो ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, सोही पार्टीका सांसद रोशन कार्की र नेपाली कांग्रेसका श्यामकुमार घिमिरेले खर्च कटौतीको प्रस्ताव राखे । अध्यक्ष लिङ्देनले भने, 'हामीले सदनमा जति छलफल गरे पनि संशोधन हुँदैन, परिवर्तन हुँदैन । रेकर्डका लागिमात्र हामी यो बजेटप्रति असहमति जनाउन यहाँ उभिएका छौं ।'

नेपाली कांग्रेसका सांसद घिमिरेले चालु खर्च मुलुकले धान्न नसक्ने गरी बढेकामा चिन्ता व्यक्त गर्दै रणनीतिक सडकका लागि तीन करोड रूपैयाँमात्र विनियोजन भएकामा असन्तुष्टि व्यक्त गरे ।

# सूचना प्रविधि दशक सफल बनाउने योजना बनाउन निर्देशन

**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले प्रस्ताव गरेको सूचना प्रविधि दशक सफल बनाउनेगरी योजना तयार गर्न मातहतका निकायलाई निर्देशन दिएकी छन् । मन्त्रालयमा आइतबार आयोजित माताहतका निकाय प्रमुखहरूसँगको बैठकमा उनले सूचना प्रविधि दशकको प्रस्ताव मुलुकको रूपान्तरणकारी परियोजनाको रूपमा अघि सारिएको उल्लेख गर्दै यसलाई सफल बनाउनेगरी कार्यक्रम तर्जुमा गर्न निर्देशन दिएकी हुन् ।



'सूचना प्रविधि दशक सफल पार्न मन्त्रालयले समग्र गुरुयोजना बनाउने नै छ,' मन्त्री शर्माले भनिन्, 'त्यसलाई सहयोग गर्नेगरी हरेक निकायले क्षेत्रगत योजना बनाउन आवश्यक छ ।' मूलतः यसमा सूचना प्रविधि विभाग, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकमलगायतको नेतृत्वदायी भूमिका रहने भए पनि आवश्यक प्रचारप्रचारका लागि आमसञ्चार क्षेत्रले पनि योजना बनाउनुपर्ने उनले बताइन् । सबै निकायले आन्तरिक योजना बनाउँदा सूचना प्रविधि दशकलाई नै केन्द्रमा राखेर काम गर्न पनि उनले निर्देशन दिइन् ।

आगामी आर्थिक वर्षका लागि प्रस्तुत मन्त्रालयको विनियोजन विधेयकमाथि संसद्मा उठेका प्रश्नको क्षेत्रगत जवाफ तयार गरेर बुझाउन पनि मन्त्रालयले निर्देशन दिएको छ । संसद्मा उठेका प्रश्नको यथार्थ जवाफ दिनुपर्ने सरकारको दायित्व भएको उल्लेख गर्दै मन्त्री शर्माले मन्त्रालय मातहतका हरेक निकायको अपनत्व स्थापित हुनेगरी प्रगति विवरण तयार गर्ने परिपाटीको थालनी गरिएको बताइन् ।

मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले मन्त्रालय मातहतका हरेक निकायले आफूले गरेका काम तथ्यगतरूपमा पेस गर्न सक्नुपर्ने बताए । उनले आफ्नो प्रगतिको तथ्य अरुलाई पनि यथार्थ हो भन्ने लाग्नेगरी प्रस्तुत गर्नुपर्ने स्पष्ट गरे ।

# नेप्से परिसूचक १७ अंकले घट्यो

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार सेयरबजारमा गिरावट आएको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १७.०४ अंकले घटेर दुई हजार ९५.२५ को बिन्दुमा कायम भएको छ । आइतबार ३१७ कम्पनीका एक करोड ३२ लाख २३ हजार ८८४ कित्ता सेयर ७१ हजार ९९७ पटक खरिद-बिक्री हुँदा पाँच अर्ब ४७ करोड २२ लाख ५३ हजार रूपैयाँबराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

होटल तथा पर्यटन समूहको उपसूचक ०.०४ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै लघुवित्त समूह १.७१ र अन्य विकास बैंक समूह १.२० प्रतिशतले घटेको छ । नेपाल फाइनान्स लिमिटेडको सेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ । भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएको सेयर संख्याका आधारमा नेपाल फाइनान्स लिमिटेडको सबैभन्दा धेरै ३० करोड ४० लाख ५३ हजार रूपैयाँबराबरको चार लाख ७९ हजार ९८७ कित्ता सेयर किनबेच भएको नेप्सेले जनाएको छ ।

# ११ महिनामा ४४ प्रतिशतमात्रै पुँजीगत खर्च

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को ११ महिना अवधिमा सरकारको विकास खर्च ४४.६७ प्रतिशत मात्रै देखिएको छ । यही अवधिमा सरकारले चालुतर्फ वार्षिक लक्ष्यको ७२.६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ७२.७ प्रतिशत बराबर बजेट खर्च गरेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

चालु आवका लागि सरकारले कूल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रूपैयाँबराबरको बजेट ल्याएको थियो । सोमध्ये चालु शीर्षकमा ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख रूपैयाँबराबर विनियोजन भएकामा जेठ मसान्तसम्ममा आठ खर्ब २२ अर्ब ८० करोड ९३ लाख रूपैयाँबराबर खर्च भएको छ । पुँजीगत शीर्षकमा सरकारले तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख रूपैयाँबराबरको बजेट विनियोजन गरेकामा जेठ मसान्तसम्ममा एक खर्ब ३४ अर्ब ९७ करोड ९२ लाख रूपैयाँबराबर मात्रै खर्च भएको छ । पुँजीगत शीर्षकमा हालसम्म खर्च भएको यो



रकम सुरुआती लक्ष्यको ४४.६८ प्रतिशत बराबर मात्रै हो ।

वित्तीय व्यवस्था शीर्षकमा चालु आर्थिक वर्षका लागि तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख रूपैयाँ बराबर विनियोजन भएकामा ७२.७ प्रतिशत अर्थात् दुई खर्ब २३ अर्ब ५० करोड ८८ लाख रूपैयाँबराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकको बजेट सरकारी ऋणको साँवाब्याज तिर्नमा खर्च हुने गरेको छ ।

यो अवधिसम्मको सरकारी राजस्व संकलन वार्षिक लक्ष्यको ६४.१५ प्रतिशत बराबरमात्रै रहेको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकबाट देखिन्छ । चालु आर्थिक वर्षका लागि सरकारले १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख रूपैयाँबराबर राजस्व संकलन गर्ने लक्ष्य राखिएकामा नौ खर्ब ४४ अर्ब ५८ करोड ९४ लाख रूपैयाँ बराबर संकलन भएको छ । सोमध्ये, कर राजस्व शीर्षकमा १३ खर्ब पाँच अर्ब ४९ करोड ९६ लाख रूपैयाँबराबर असुली गर्ने सरकारी लक्ष्य रहेकामा हालसम्म ६३.५ प्रतिशत अर्थात् आठ खर्ब २९ अर्ब तीन करोड ९२ लाख रूपैयाँबराबर संकलन भएको छ । गैरकर राजस्वतर्फ सरकारले एक खर्ब १७ अर्ब छ करोड २१ लाख रूपैयाँबराबर उठाउने लक्ष्य राखेकामा हालसम्म वार्षिक लक्ष्यको ७७ प्रतिशत अर्थात् ९० अर्ब एक करोड रूपैयाँबराबर मात्रै संकलन भएको देखिन्छ ।

चालु आर्थिक वर्षका लागि सरकारले ४९ अर्ब ९४ करोड ३० लाख रूपैयाँबराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखेको थियो । हालसम्म उठेको वैदेशिक अनुदानको अवस्था हेर्दा वार्षिक लक्ष्यको ५.५२ प्रतिशत अर्थात् दुई अर्ब ७५ करोड ८० लाख रूपैयाँबराबर मात्रै संकलन भएको देखिन्छ । मुलुकको अर्थतन्त्रमा सुधार हुन नसक्नुमा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र कमजोर रहेको भन्दै आलोचना भइरहँदा पुँजीगत खर्चको अवस्था कमजोर देखिनु, चालु र वित्तीय व्यवथा शीर्षकको खर्च बढ्दै जानु, लक्ष्यअनुसार राजस्व संकलन हुन नसक्नु तथा वैदेशिक अनुदान उठाउन नसक्नु प्रमुख समस्याका रूपमा देखिएका छन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन पा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ